सिकाई क्षेत्र :
हाम्रो परिवेश र नागरिक चेतना

# स्थानीय तहको नक्सा तथा सम्पदाहरु




## तह १

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव श्रोत विकास केन्द्र

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तोकिएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान तथा हाम्रो परिवेश तथा नागरिक चेतना गरी तीनओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

तपाईं बसेको गाउँ वा टोल कुनै पालिकाभित्र पर्छ । सबै प्रकारका पालिकाहरुमा विभिन्न वडाहरु हुन्छन् । पालिका भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सबैलाई जनाउँछ । पालिकाहरुलाई स्थानीय तह पनि भनिन्छ । पालिकाबाट हामीलाई विभिन्न सेवासुविधा उपलब्ध हुन्छ । यस मोडुलमा हामी स्थानीय तहको संरचना, कार्य गर्ने तरिका, न्याय प्रणाली, अधिकार र सेवासुविधाका बारेमा अध्ययन गर्ने छौँ ।

त्यसैगरी हामी आफ्नो गाउँपालिकाको राजनैतिक र सामाजिक नक्सा बनाउने कार्य गर्छौं । वडाको नक्सा बनाएर त्यहाँ भएको हावापानी, सामुदायिक वा सामाजिक स्रोत सम्पदा पनि देखाउने छौँ । वडाको नक्सा हेरेर त्यहाँको प्राकृतिक स्रोतसाधन र सेवासुविधाको अवस्था पहिचान गर्छौं । तिनीहरुको समानुपातिक वितरण भएनभएको पहिचान गरी समानुपातिक वितरणका उपायहरु केके हुने रहेछन् भनी छलफल गर्छौं ।

यसका साथै आफ्नो स्थानीय तहमा उपलब्ध स्रोतसाधनको अवस्था कस्तो छ भन्ने बारे पहिचान गर्छौं । तिनीहरुको सूची निर्माण गर्ने छौँ । त्यहाँको स्रोतसाधन हावापानी तथा भूपरिवेशको अवस्था पहिचान गर्छौं । यसका आधारमा बढी आर्थिक फाइदा हुने क्षेत्रहरु पहिचान गर्न सक्ने सीप हासिल गर्छौं । यिनै विषयवस्तुहरुमा सक्षम बनाउने यस मोडुलको उद्‌देश्य रहेको छ ।

## सक्षमता

भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थासहित आफ्नो समुदायको परिवेश पहिचान

## सिकाइ उपलब्धि

यस मोडुलको अध्ययनपश्चात् सक्षमताका आधारमा तय भएका निम्नलिखित सिकाइ उपलब्धि पूरा हुने छन् :

» स्थानीय तहको शासकीय संरचना, कार्य प्रणाली, संविधानले प्रदान गरेको अधिकार र सेवा सुविधाको व्यवस्था अभिव्यक्त गर्न,

» सामाजिक स्रोत र नक्साको प्रयोग गरी प्राकृतिक स्रोत एवम् सेवाको समानुपातिक वितरणको अवस्था पहिचान गर्न,

» स्थानीय तहमा उपलब्ध स्रोतसाधन, हावा पानी तथा भूपरिवेशको लेखाजोखा गरी आर्थिक सम्भावनाहरु पहिचान गर्न

» आफ्ना छरछिमेकीको सहभागितामा राजनीतिक, सामुदायिक-सामाजिक स्रोत र मौसमी नक्सा बनाउन

## पाठहरु

यस मोड्युल वा सामग्रीमा हामी निम्नलिखित पाठहरु अध्ययन गर्ने छौँ ।

पाठ १: हाम्रो गाँउपालिका

पाठ २: स्थानीय तहको न्याय प्रणाली

पाठ ३: स्थानीय तहका अधिकार र सेवासुविधा

पाठ ४: नक्सा बनाउँ सम्पदा पहिचान गरौं

पाठ ५: स्थानीय तहको स्रोत साधन तथा आर्थिक सम्भावना

पाठ ६: मौसम र जलवायु परिवर्तनको कारण र असर

## पूर्व सिकाई परिक्षण

१. **तलका प्रश्नहरूको छोटो जवाफ दिनुहोस् :**

क. स्थानीय पालिकाबाट जनतालाई के कस्ता सेवा सुविधाहरु उपलव्ध हुन्छन् ?

..........................................................................................................................................

ख. स्थानीय तहमै न्याय निसाफ गर्ने व्यवस्था किन राम्रो हो ?

..........................................................................................................................................

ग. स्थानीय तहहरुलाई कुनै पनि काम गर्न पाउने अधिकार के ले दिएको छ ?

..........................................................................................................................................

घ. सुरूमा कुनै ठाउँको नक्सा बनाउँन सिक्दा कसरी सिक्यो भने सजिलै सिक्न सकिन्छ ?

..........................................................................................................................................

ङ. सामाजिक नक्सा भनेको के हो ?

..........................................................................................................................................

च. तपाईंको पालिकाभित्र भएका कुनै २ ओटा सम्पदाहरुको नाम लेख्नुहोस् ।

..........................................................................................................................................

छ. तपाईंको पालिकामा कस्तो प्रकारको हावापानी छ ? लेख्नुहोस् ।

.................................................................................................................................................

**२. तल दिएका वाक्यहरू ठिक भए (✓) चिह्न बेठिक भए (✗) चिह्न लगाउनुहोस् ।**

क. अहिलेका गाउँपालिका र नगर पालिकामा बढी अधिकार र काम छन् ।

ख. स्थानीय स्तरमा न्यायसम्बन्धी कार्यले जनताको धन, समय र श्रम को बचत गरेको छ ।

ग. स्थानीय तहले आधारभूत शिक्षाको मात्र रेखदेख र अनुगमन गर्न सक्छ ।

घ. पालिकाभरि वा वडाभरिका सबै ठाउँमा स्रोतसाधन र सेवासुविधाहरु समान हुन्छन् ।

**३. तल दिएका मध्ये उपयुक्त विकल्प छनोट गरी खाली ठाउँ भर्नुहोस् ।**

क. पालिकामा वडाहरुको व्यवस्था ........................का लागि गरिएको हुन्छ ।

१. वडाअध्यक्ष बनाउन २. स्थानीय जनताहरुलाई नजिकबाट सेवा दिन

३. राजनीतिक व्यक्तिहरुको व्यवस्थापन गर्न ४. पालिकाहरुलाई विभाजन गर्न

ख. स्थानीय पालिकाहरुका लागि ...............ओटा अधिकार संविधानले प्रदान गरेको छ ।

१. १५ २. २२ ३. २५ ४. ३२

ग. नक्सा कोर्दा विभिन्न स्रोत साधन, ठाउँ र सम्पदाहरु जनाउनेलाई........... भनिन्छ ।

१.सङ्केत चिन्ह २. नक्सा चिन्ह ३. स्केल चिन्ह ४. सम्पदा चिन्ह

घ. समुदायमा भएको उब्जनशील बेसीले ........... विकासको संभावना देखाउँछ ।

१.शैक्षिक २. धार्मिक ३. आर्थिक ४. प्राकृतिक

*(तपाईंले यो पाठ अध्ययन गुर्नुपूर्व विभिन्न प्रकारका प्रश्नहरूको उत्तर दिने प्रयास गर्नु भो । तपाईंले जति मिलाउनु भयो त्यसका लागि धेरै धेरै धन्यवाद छ । यदि केही मिलेनन् भनेपनि कुनै चिन्ता नलिनुहोस् । यो मोडुल तपाईंकै सिकाइका लागि हो । यसका उत्तरहरू यसै मोडुलको अन्त्यमा दिइएको छ, हेर्नुहोस्)*

पाठ १

# हाम्रो गाउँपालिका

**तलको चित्र अध्ययन गरौँ र दिएका प्रश्नहरूको जवाफ दिऔँ**




**तलका दिएका प्रश्नहरूको उत्तर दिने प्रयास गर्नुहोस् त ।**

क. माथिको भवनको नाम के रहेछ ?
ख.तपाईंको गाउँपालिकाको आफ्नो भवन छ कि छैन ? उक्त भवनमा क–कसको कार्यकक्ष हुन्छ होला ?
ग. गाउँपालिका भवन केका लागि हो ?
घ.गाउँपालिकामा बसेर क–कसले जनताको सेवा गर्छन् ?

**तलको कुराकानी पढेर दिइएका क्रियाकलापहरू गरौँ**



*( भाइ सानो छँदा गम्भीर बिरामी भएर पढाइ छुट्यो । उनको स्वास्थ्यमा केही सुधार भइरहेको छ । अब उनी अनौपचारिक शिक्षा घरमै अध्ययन गरेर आफ्नो पढाइलाई निरन्तरता दिन लागेका छन् । यसै सन्दर्भमा गाउँपालिका सम्बन्धमा दिदी भाइ बिच भएको कुराकानी अध्ययन गरौँ ।)*

**भाइ :** दिदी, मलाई गाउँपालिका वा नगरपालिका भनेका के हुन् ? यिनले के काम गर्छन् भन्ने बारे नै राम्रो थाहा छैन, बताइदिनुस् न ल ।

**दिदी :** कत्ति राम्रो कुरा । ल सुन, पहिलेका केही गाविसहरु समेटी बढी काम र अधिकार दिएर गाविसको सट्टा गाउँपालिका वा नगरपालिका भन्न थालियो । अहिले गाउँपालिका, नगरपालिका, उपमहानगर पालिका र महानगरपालिका छन् । यी सबैलाई समग्रमा स्थानीय तह भन्ने गरिएको छ ।

**भाइ :** उसो भए पुरानो गाविसलाई बढाएर बढी काम र अधिकार दिएपछि गाउँपालिका वा नगरपालिका भएका रहेछन् हैन, दिदी ? अनि यिनीहरु अघि तपाईंले भनेझैँ ४ प्रकारका हुने रहेछन् , हो ।

**दिदी :** अँ हो त, देशमा शासन व्यवस्था फेरिएपछि ४ प्रकारका पालिकाहरु गठन भएका हुन् , बुझ्यौ ?

**भाइ :** त्यहाँ वडाहरु पनि हुन्छन्, हैन दिदी ?

**दिदी :** ठिक भन्यौ । प्रत्येक वडामा १ जना वडाध्यक्ष र ४ जना वडा सदस्यहरु हुन्छन् । अनि हरेक पालिकामा अध्यक्ष वा प्रमुख १ जना र उपाध्यक्ष वा उपप्रमुख १ जना पनि हुन्छन् ।

**भाइ :** त्यहाँ जम्मा ७ जना हुने रहेछन् हो, दिदी ।

**दिदी :** हैन नि, एउटा स्थानीय तहमा धेरै वडाहरु हुन्छन्, ती वडाहरु पालिकैपिछे फरक हुन्छन् । हाम्रो गाउँपालिकामा चाहिँ ७ ओटा वडा छन् । यहाँ वडाध्यक्षहरु ७ जना अनि सदस्यहरु २८ जना छन् । हाम्रामो जम्मा कति भए ? लौ भन त ।

**भाइ :** अम्....... अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष पनि गरेर जम्मा ३७ जना रहेछन् । मिल्यो हैन ?

**दिदी :** मिल्यो मिल्यो मेरो भाइ कम तगडा छ । यी सबै चुनावबाट चुनिन्छन् । प्रत्येक ५ वर्षमा चुनाव हुन्छ । यिनीहरु चुनिएपछि लगत्तै यी चुनिएकाहरुले मात्र दलित वा अल्पसङ्ख्यक समुदायबाट २ जना सदस्य चुन्ने व्यवस्था छ । ती सहित हाम्रो पालिकामा ३९ जना हुने रहेछन् । बुझ्यौ ?

**भाइ :** ए .....यी २ जनाको त बल्ल थाहा भो नि । कत्ति राम्ररी कुरो बुझाउनु भो ।

**दिदी :** अब अर्को कुरा पनि बुझि राख, त्यो के भने स्थानीय पालिकाहरुमा २ ओटा संरचना हुन्छन् । एउटा "स्थानीय कार्यपालिका" अर्को "स्थानीय व्यवस्थापिका" ।

**भाइ :** यो चै अलि बुझिनँ त दिदी ।

**दिदी :** माथि केन्द्रको कुरा जस्तै हो के । केन्द्रमा संसद छ त्यो व्यवस्थापिका हो, सरकार छ त्यो कार्यपालिका हो र न्याय दिने ठाउँ छ त्यो न्यायपालिका हो । त्यस्तै स्थानीय तहमा पनि हुन्छन् । त्यसैले यिनीहरुलाई स्थानीय सरकार पनि भन्छन् ।

**भाइ :** ए..... स्थानीय तह, पालिका र स्थानीय सरकार भनेको त एउटै पो रहेछन् , हैन त दिदी ? अब मलाई ती हाम्रो पालिकाका २ ओटा संरचनाका बारेमा बताउनु त ।

**दिदी :** ल तिमीले त सम्झिराखेका रहेछौ । एउटा संरचना भनेको "स्थानीय कार्यपालिका" हो । जसलाई गाउँकार्यपालिका वा नगरकार्यपालिका भनिन्छ, जो सरकार जस्तै हो ।

**भाइ :** यसको काम चै के हो नि ?

**दिदी :** यसको त महत्त्वपूर्ण काम वा जिम्मेबारी छ नि । यसले गर्ने काम र अधिकार कानुनअनुसार नै पाएको हुन्छ । यसलाई पालिकाको शासन व्यवस्था सञ्चालन गर्ने, निर्देशन दिने र नियन्त्रण गर्ने महत्त्वपूर्ण जिम्मेबारी वा काम छ ।

**भाइ :** अनि अर्को चै के हो रे, भन्नुहोस् त दिदी ?

**भाइ :** यसलाई चै पछि फेरी दाहोऱ्याउनद्रपर्ला जस्तो छ, अँ अब अर्को संरचना चै केहो रे दिदी ?

**दिदी :** अर्को भनेको चै “स्थानीय व्यवस्थापिका” हो । यो संसद जस्तै हो । यसलाई “गाउँसभा” भनिन्छ, नगरपालिका भए “नगरसभा” भनिन्छ । प्रत्येक गाउँपालिका वा नगरपालिकामा एक गाउँसभा वा नगरसभा रहनेछ । यसमा पालिकाका अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडाध्यक्षहरु र वडासदस्यहरु अनि दलित वा अल्पसङ्ख्यक समुदायबाट चुनिएका २ जनाबाट गाउँसभा गठन हुन्छ । नगरपालिकामा चै दलित वा अल्पसङ्ख्यक समुदायबाट चुनिएका ३ जना हुन्छन् । यो चै संसद जस्तै हो नि ।

**भाइ :** अब मलाई गाउँपालिका वा नगरपालिकाको बारेमा धेरै थाहा भयो दिदी ।

**दिदी :** अर्को कुरा यी सबै स्थानीय तहमा अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र अन्यलाई कामकार्बाहीमा सहायोग गर्न विभिन्न विषयगत विभाग, महाशाखा, शाखाहरुमा काम गर्ने कर्मचारीहरु हुन्छन् । यसबाट जनताहरुले सजिलै सेवा सुविधा पाउँछन् ।

**भाइ :** म सानो छँदा बाबासँग गाविसमा गएको बेला विभिन्न कोठामा काम गर्ने कर्मचारी त देखेको थिएँ मैले ।

**दिदी :** अर्को महत्त्वपूर्ण कुरा पनि सुन । गाउँपालिका वा नगरपालिकाहरुमा निर्णय गर्ने र कार्य सञ्चालन गराउने, नियन्त्रण गर्ने र स्वीकृत गर्ने मुख्य जिम्मेवारी गाउँपालिका अध्यक्ष वा नगरपालिका प्रमुखमा रहेको हुन्छ । किनकि उनीहरु त्यहाँका मुख्य व्यक्ति हुन् ।

**भाइ :** हस् दिदी अब त दिदीले भनेका कुरा सम्झन पनि नसक्ने भएँ म त, भोलि फेरि एकपटक दोहोऱ्याउनद्रभयो भने बल्ल सबै सम्झन्छुहोला ।

**दिदी :** ठिकै छ नि, तिमीलाई इच्छा लागेको बेला मलाई यसरी नै सोध न ल, बाँकी अरु सबै भनुँला, आजलाई यति नै मात्र भनें है त ?

## क्रियाकलाप १

**१. माथि प्रस्तुत दिदी र भाइ बीचको कुराकानी पढिसकेपछि अब तलका प्रश्नहरूको जवाफ दिने प्रयास गर्नुहोस् ।**

क. पालिकाहरुलाई स्थानीय सरकार किन भनेको हो ?

...........................................................................................................................

ख. गाउँकार्यपालिकाको गठन कसरी भएको हुन्छ ? लेख्नुहोस् ।

...........................................................................................................................

ग. नगरसभा भनेको केहो ? यसमा कोको हुन्छन् ?

...........................................................................................................................

घ. गाउँ वा नगर कार्यपालिकाहरुको जिम्मेवारी केके हुन् ?

...........................................................................................................................

ङ. स्थानीय तहका संरचना केके हुन् ?

...........................................................................................................................

## क्रियाकलाप २

**तल दिइएको बाकसबाट ठिक शब्द छनोट गरी खाली ठाउँ भर्नुहोस् ।**

क. गाउँपालिका वा नगरपालिकको अध्यक्ष वा प्रमुख ........................बाट आउँछन् ।

ख. दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँपालिका र नगरपालिकमा .............र............ जना चुनिन्छन् ।

ग. गाउँपालिका र नगरपालिकालाई.......................पनि भनिन्छ ।

घ. शासन सञ्चालनको अधिकार ................मा हुन्छ ।

ङ. गाउँपालिका वा नगरपालिकाको संसद भनेका .................र...................हुन् ।

च. गाउँपालिका वा नगरपालिकाको सरकार भनेका................र....................हुन् ।

| | | |
|---|---|---|
| गाउँसभा र नगरसभा, | निर्वाचन, | स्थानीय कार्यपालिका, |
| स्थानीय सरकार, | २ र ३, | गाउँकार्यपालिका र नगरकार्यपालिका । |

**स्थानीय तहको शासकीय संरचना गठन र पदाधिकारी कसरी र कोको हुने रहेछन् यहाँ पनि हेरौँन त ।**
स्थानीय तह गाउँपालिका तथा नगरपालिकाको **स्थानीय कार्यपालिका र स्थानीय व्यवस्थापिका** गरी २ ओटा शासकीय संरचनाहरुलाई निम्न तालिकामा समेत प्रस्तुतत गरिएको छ :

| स्थानीय तह | शासकीय संरचना | |
|---|---|---|
| | स्थानीय कार्यपालिका | स्थानीय व्यवस्थापिका |
| **गाउँपालिका** | अध्यक्ष १<br>उपाध्यक्ष १<br>वडाध्यक्ष प्रत्येक वडाबाट १/१ जना<br>महिला सदस्य ४ जना (सदस्यहरुमध्येबाट गाउँसभाले चुनेका)<br>सदस्य २ जना ( पालिकाभित्रका दलित वा अल्पसङ्ख्यक मध्येबाट गाउँसभाले चुनेका) | अध्यक्ष १<br>उपाध्यक्ष १<br>वडाध्यक्ष प्रत्येक वडाबाट १/१ जना<br>सदस्य प्रत्येक वडाबाट चुनिएका ४/४ जना<br>सदस्य २ जना ( पालिकाभित्रका दलित वा अल्पसङ्ख्यक मध्येबाट गाउँसभाले चुनेका) |
| **नगरपालिका** | प्रमुख १<br>उपप्रमुख १<br>वडाध्यक्ष प्रत्येक वडाबाट १/१ जना<br>महिला सदस्य ५ जना (सदस्यहरुमध्येबाट गाउँसभाले चुनेका)<br>सदस्य ३ जना ( पालिकाभित्रका दलित वा अल्पसंख्यकमध्येबाट गाउँसभाले चुनेका) | प्रमुख १<br>उपप्रमुख १<br>वडाध्यक्ष प्रत्येक वडाबाट १/१ जना<br>सदस्य प्रत्येक वडाबाट चुनिएका ४/४ जना<br>सदस्य ३ जना ( पालिकाभित्रका दलित वा अल्पसंख्यकमध्येबाट गाउँसभाले चुनेका) |

**थप जानकारीका लागि तल दिइएको तालिका अध्ययन गरौँ :**

स्थानीय तहका पालिकाहरुमा जनसङ्ख्याको आकारअनुसार वडासङ्ख्याहरु निर्धारण गरिएको हुन्छ र त्यहाँ कार्यरत पदाधिकारीहरुलाई निम्नलिखित टेबलमा प्रस्तुत गर्न सकिन्छ ।

| स्थानीय तह | शासकीय संरचना | |
|---|---|---|
| | गाउँपालिका | नगरपालिका/उपमहानगरपालिका/महानग पालिका |
| **गाउँपालिका** | अध्यक्ष– १ जना,<br>उपाध्यक्ष– १ जना,<br>वडाध्यक्ष– प्रत्येक वडामा १ जना,<br>वडासङ्ख्या–५ देखि बढिमा २१, ओटासम्म,<br>सदस्य– प्रत्येक वडामा ४ जना<br>वडासदस्यहरु– २० देखि बढीमा ८४ जना सम्म, | प्रमुखा– १ जना,<br>उपप्रमुख– १ जना,<br>वडाध्यक्ष– प्रत्येक वडामा १ जना,<br>वडासङ्ख्या–९ देखि बढीमा ३५ ओटासम्म हुन्छन्,<br>सदस्य– प्रत्येक वडामा ४ जना,<br>वडासदस्यहरु– ३६ देखि बढीमा १४० जनासम्म, |

**निचोडः यी कुराहरूलाई मनन गरौँ :**

» स्थानीयतहको पालिकास्तरमा २ ओटा संरचान हुन्छन् । पहिलो संरचना हो स्थानीय कार्यपालिका जसलाई गाउँकार्यपालिका वा नगरकार्यपालिका भनिन्छ । यो स्थानीय सरकार हो । अर्को संरचना हो स्थानीय व्यवस्थापिका जसलाई गाउँसभा वा नगरसभा यो स्थानीय संसद हो ।

» तसर्थ स्थानीय तह स्थानीय सरकार हो ।

» स्थानीय तहबाट प्रदान गरिने सेवासुविधाहरुलाई सजिलो र व्यवस्थित गर्न वडाहरु छुट्याइएको हुन्छन् ।

» स्थानीय तह गठन भएपछि सरकार जनताको नजिक पुगेको छ ।

» स्थानीय तहका पदाधिकारहिरु छनोटका लागि प्रत्येक ५ वर्षमा चुनाव हुन्छ

» स्थानीय तहको पालिकास्तरमा स्थानीय कार्यपालिका र स्थानीय व्यवस्थापिका गरी २ ओटा संरचना रहेका छन् ।

» गाउँपाकिाका अध्यक्ष र नगरपालिकाका प्रमुख स्थानीय कार्यपालिकाका अध्यक्ष र प्रमुख हुन्छन् ।

» स्थानीय तहको व्यवस्था नेपालको संविधानमा नै गरिएको छ ।

» स्थानीय तहमा दैनिक काम कार्बाहीहरु सञ्चालन गर्न आवश्यक कर्मचारीहरुको प्रवन्ध गरिएको हुन्छ ।

» त्यहाँका कर्मचारी प्रमुखलाई प्रमुख प्रशासकीय अधिकृत भनिन्छ ।

» नेपालको संविधानको भाग र मा स्थानीय कार्यपालिका र स्थानीय व्यवस्थापिकाका बारेमा उल्लेख छ ।

» स्थानीय कार्यपालिकाले शासन सञ्चालन, निर्देशन र नियन्त्रणको जिम्मेबारी पाएको हुन्छ ।

» स्थानीय पालिकाहरुले सेवा पनि दिन्छन् र विभिन्न शुल्क र दस्तुर पनि लिन्छन् ।

## क्रियाकलाप ३ : केही अभ्यास गरौं :

**१. तल दिएका खाली ठाउँ भर्ने कोसिस गर्नुहोस् ।**

क. गाउँपालिकाका मुख्य व्यक्तिलाई .......................... भनिन्छ ।

ख.नगरपालिकाका मुख्य व्यक्तिलाइ .......................... भनिन्छ ।

ग. गाउँपालिकाको प्रत्येक वडामा .......................... जना वडाध्यक्ष हुन्छन् ।

घ. गाउँपालिकाको प्रत्येक वडामा .......................... वडासदस्य हुन्छन् ।

ङ. गाउँपालिकामा .......................... सम्म वडासङ्ख्या हुन्छन् ।

च. नगरपालिकामा .......................... सम्म वडासङ्ख्या हुन्छन् ।

**२. तल दिएका वाक्यहरूलाई आवश्यक भएमा मात्र सच्याएर पुनः लेख्नुहोस् ।**

क. सबै स्थानीय पालिकाहरुमा बराबर सङ्ख्यामा वडा र पदाधिकारी हुन्छन् ।
ख. स्थानीय पालिकाहरुमा मुख्यतया ३ ओटा संरचना छन् ।
ग. गाउँकार्यपालिकामा ४ जना महिला सदस्यहरु गाउँसभाले छनोट गर्छ ।
घ. सबै वडाका सबै सदस्यहरु गाउँसभामा सदस्य हुन्छन् ।
ङ. सबै वडाका सबै सदस्यहरु गाउँकार्यपालिकाका सदस्य हुन्छन् ।
च. वर्तमान स्थानीय तहहरु बढी अधिकार सम्पन्न छन् ।

## क्रियाकलाप ४ : परियोजना कार्य

वडाकार्यालयले तपाईंको गाउँटोलमा गर्नुपर्ने कम्तिमा ५ ओटा कामहरुको सूची अभिभावक र साथीसँगीसँग छलफल गरी प्राथमिकताका आधारमा तयार गर्नुहोस् र आफूभन्दा अनुभवी चिनजानका व्यक्तिसँग छलफल गर्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

## क्रियाकलाप ५ : सिर्जनात्मक कार्य

**“स्थानीय पालिका स्थानीय सरकार हो” यस भनाइलाई पुष्टि गर्दै कम्तीमा आधा पेजको एउटा लेख लेख्नुहोस् ।**

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

.......................................................................................................................................

## क्रियाकलाप ६ : अनुभवमा आधारित कार्य

तपाईंले जाने सुने अनुसार पालिकाहरुको वडा कार्यालयहरुले गर्ने विकास निर्माणका कुनै ५ ओटा कामको सूची तयार गर्नहोस् र अभिभावक वा छिमेकका दादादिदीहरुलाई देखाएर छुटेका कुराहरु टिपोट गर्नुहोस् । त्यसपछि उक्त सूची अग्रजहरु समक्ष प्रस्तुत गरी उनीहरुले दिएका सुझावहरुलाई समावेश गर्नुहोस् ।

## क्रियाकलाप १. सिकाइपछिको परीक्षणका उत्तरहरू

**१. तलका प्रश्नहरूको जवाफ दिनुहोस् ।**

क. उत्तरः नेपालको संविधानले नै कार्यपालिकाको काम कर्तव्य र अधिकार दिएका कारण भनेको हो ।

ख. उत्तरः गाउँकार्यपालिकामा अध्यक्ष १ जना, उपाध्यक्ष १ जना वडाध्यक्षहरु र सबै वडासदस्य मध्येबाट फेरि गाउँसभाबाट चुनिएका ४ जना महिला सदस्य र अघि भनेकै अनुसार चुनिएका दलित वा अल्पसङ्ख्यक समुदायका २ जना सदस्यबाट गाउँ कार्यपालिका गठन हुन्छ ।

ग. उत्तर : नगरसभा भनेको नगर पालिकाको संसद हो । यसमा प्रमुख १, उपप्रमुख १, वडासदस्यमध्ये नगरसभाबाट फेरि चुनिएका ५ जना र दलित वा अल्पसङ्ख्यक समुदायका ३ जना सदस्य हुन्छन् ।

घ. उत्तर : यसले गर्ने काम र अधिकार कानुनअनुसार नै पाएको हुन्छ । यसलाई पालिकाको शासन व्यवस्था सञ्चालन गर्ने, निर्देशन दिने र नियन्त्रण गर्ने महत्त्वपूर्ण काम वा जिम्मेबारी छ ।

ङ. उत्तरः स्थानीय कार्यपालिका र स्थानीय व्यवस्थापिका २ ओटा हुन् ।

## क्रियाकलाप २: खाली ठाउा भर्नुहोस्को उत्तर

क. उत्तर : निर्वाचन
ख. उत्तर : २ र ३
ग. उत्तर : स्थानीय सरकार
घ.उत्तर : स्थानीय कार्यपालिका
ङ. उत्तर : गाउँसभा र नगरसभा
च. उत्तर : गाउँकार्यपालिका र नगरकार्यपालिका

## क्रियाकलाप ३: केही अभ्यास गरौं

**१. उत्तर**

क. अध्यक्ष
ख. नगरप्रमुख
ग. १ जना
घ. ४ जना
ङ. २१ ओटा
च. ३५ ओटा

**२. उत्तर**

क. सबै स्थानीय पालिकाहरुमा फरक सङ्ख्यामा वडा र पदाधिकारी हुन्छन् ।
ख. स्थानीय पालिकाहरुमा मुख्यतया २ ओटा संरचना छन् ।
ग. ठिक छ, सच्याउनु परेन
घ. ठिक छ, सच्याउनु परेन
ङ. गाउँपालिकाभरिबाट जम्मा ४ जना महिला सदस्यहरु मात्र गाउँकार्यपालिकामा सदस्य छनोट हुन्छन् ।
च. ठिक छ, सच्याउनु परेन

## क्रियाकलाप ४: परियोजना कार्यको उत्तर

वडा कार्यालयले तपाईंको गाउँटोलमा गर्नुपर्ने कम्तीमा ५ ओटा कामहरुको सूची अभिभावक र साथीसँगीसँग छलफल गरी प्राथमिकताका आधारमा तयार गर्न शिक्षा ,स्वास्थ्य, खानेपानी, बाटोघाटो निर्माण सिँचाई यस्तै अन्य आवश्यकीय कुरा पहिचान र छनोट गरेर अति आवश्यकीय पहिला राख्ने अनि क्रमश: अन्य राख्नुहोस् र आफ्ना अभिभावक वा छिमेकका दिदीदाइलाई देखाउनुहोस् ।

## क्रियाकलाप ५ : सिर्जनात्मक कार्यको उत्तर

"स्थानीय पालिका स्थानीय सरकार हो" उत्तर: तलकाजस्तै अन्य पनि मिल्ने बुँदाहरु समावेश गर्न सक्नुहुनेछ ।

» नेपालको मूलकानुन संविधानले नै स्थानीय सरकारको रुपमा व्यवस्था गरेको,
» स्थानीय तहलाई संविधानले प्रशस्त अधिकार प्रदान गरेको,
» सङ्घीय सरकारको जस्तै यसमा पनि कार्यपालिका र व्यवस्थापिका भएको,
» केन्द्रीय सरकारले जस्तै यसले कर, दस्तुर, शुल्क लिने र दण्ड जरिवाना गर्ने,
» न्याय निसाफ पनि दिने अधिकार भएको,
» आफ्नो पालिकाभित्र विभिन्न महत्त्वपूर्ण निर्णय गर्न सक्ने,

» विकास निर्माणका कार्यहरु जनताको नजिकमा रहेर गर्ने,

» शान्तिसुरक्षाका लागि पनि काम गर्ने,

» नजिकबाट जनताका माग सम्बोधन गर्ने हैसियत राख्ने आदि,

## क्रियाकलाप ६ : अनुभवमा आधारित कार्यको उत्तर

**पालिकाहरूले गर्ने केही कार्यहरू :**

१. शिक्षासम्बन्धी कार्य : विद्यालय स्थापना, विद्यालयहरुलाई आर्थिक सहयोग, विद्यालयहरुको अनुगमन निरीक्षण, विद्यालयहरुलाई शिक्षक व्यवस्था, छात्रवृत्ति वितरण आदि,

२. स्वास्थ्यसम्बन्धी कार्य : स्वास्थ्य चौकी र अस्पताल स्थापना, एम्बुलेन्सको व्यवस्था, औषधीको व्यवस्था र वितरण, स्वास्थ्यसम्बन्धी जनचेतना जागरण आदि,

३. खानेपानी वितरणसम्बन्धी कार्य : खानेपानीको स्रोत पहिचान, शुद्धीकरणको व्यवस्था, पाइप खरिद एवं वितरण, धारा निर्माण आदि,

४. विद्युत् वितरणसम्बन्धी कार्य : विद्युत् वितरण, विद्युत् चोरी नियन्त्रण आदि,

५. बाटोघाटो निर्माणसम्बन्धी कार्य : गोरेटो बाटो, सडक निर्माण, बाटो ग्राभेल र पिच गर्ने कार्य,

६. अन्य विकाससम्बन्धी कार्य : जस्तै पुल निर्माण, कुलो तथा नहर निर्माण, सामुदायिक भवन, वृद्धाश्रम निर्माण, खेलमैदान तथा रङ्गशाला निर्माण आदि अन्य धेरै मिल्दा कुराहरु हुन सक्ने

# पाठ २ स्थानीय तहको न्याय प्रणाली





**माथिको चित्र बारे एकैछिन छलफल गरौँ न ।**

क. पहिलो चित्र कस्तो छ ?
ख. हातमा के झुन्डाइएको छ ?
ग. किन आँखामा पट्टी बाँधेको होला ?
घ. अर्को चित्रमा के भइरहेको होला ?

ल अब तल स्थानीय पत्रकार र गाउँपालिकाका उपाध्यक्ष बिच भएको गाउँपालिकाको न्यायसम्बन्धी व्यवस्थका बारेको कुराकानी अध्ययन गरौँ है त ।

**पत्रकार :** उपाध्यक्षज्यू नमस्कार । आज म हाम्रो पालिकाका आम जनताले यस पालिकाको न्याय व्यवस्थाका बारेमा थाहा पाऊन् भन्ने उद्देश्यले यहाँसमक्ष यसबारे केही जिज्ञासा राख्न आएको छु ।

**उपाध्यक्ष :** मेरो पनि यहाँलाई नमस्कार । हुन्छ, म तपाईंको जिज्ञासा मेटाउने गर्ने प्रयत्न गर्ने छु ।

**पत्रकार :** आम जनताले यहाँबाट हुने न्यायसम्बन्धी कार्य थाहा पाउन सकेका छैनन् । कस्तो व्यवस्था छ, बताइदिनुस् न ।

**उपाध्यक्ष :** बुझ्नुपर्ने कुरा केहो भने स्थानीय पालिकाहरुको कार्यक्षेत्रमा न्यायसम्बन्धी कार्य पनि पर्छ ।

जनतालाई शीघ्र न्याय प्राप्त होस् । त्यस्तो न्याय स्थानीयस्तरबाटै प्राप्त हुन सकोस् भन्ने उद्देश्यका साथ यसको व्यवस्था भएको हो । कानूनको सिद्धान्तले ढिलो न्याय प्राप्त गर्नुँ पनि न्याय नपाउनु जस्तै हो भन्ने मान्यता राखेको हुन्छ । तसर्थ स्थानीय तहहरुले सानातिना झैंझगडा, वादविवाद र मनमुटाबहरुमा मेलमिलापका साथै न्याय दिलाउने कार्यहरु पनि गर्छन् । हाल विश्वमा प्रचलित औपचारिक न्यायालयहरुबाट मात्र न्याय निरुपण नगर्ने चलन छ । वैकल्पिक उपायका रुपमा स्थानीय तहमा नै मेलमिलाप र मध्यस्थता जस्ता न्यायिक संरचना र विधिहरु अभ्यास हुँदै आएका छन् । सानातिना कुराको न्याय निसाफका लागि टाढासम्मको अदालत धाइरहनुपर्दैन । यसले जनताहरुलाई बहुतै सुविधा पुगेको छ । सानातिना वादविवादको छिनोफानो गर्न पनि टाढाको अदालत धाउँदा र सेवाशुल्क तिर्दा बढी खर्चिलो हुन्छ । यसले जनतालाई न्यायभन्दा पनि थप अन्याय हुन्छ । विवादको समाधान स्थानीय स्तरमै हुन सक्यो भने उनीहरुले न्याय पाउँछन् । यसबाट सामाजिक सद्भाव र शान्तिको वातावरण सिर्जना गर्न ठुलो सघाउ पुगेको छ ।

**पत्रकार :** न्याय व्यवस्था त राम्रै लाग्यो तर यसको कार्यान्वयन पक्षले अझ महत्त्व राख्छ , हैन र ?

**उपाध्यक्ष :** ठिक कुरा गर्नु भो, म त्यस बारे पनि भन्ने छु । अघिकै कुरामा अलिकता थप गर्न चाहन्छु, त्यो के भने हाम्रो नेपालको संविधानको भाग १७ धारा २१७ मा न्यायिक समितिको समेत व्यवस्था गरिएको छ । जसअनुसार आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा उपाध्यक्ष वा उप-प्रमुखको संयोजकत्वमा तीन सदस्य रहेको एक न्यायिक समिति रहने व्यवस्था छ ।

**पत्रकार :** अनि न्यायिक समितिका बाँकी २ जना कसरी राखिन्छ त ?

**उपाध्यक्ष :** न्यायिक समितिमा गाउँसभा तथा नगरसभाका सदस्यले आफूमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु रहने व्यवस्था छ । न्यायिक समितिका सदस्य निर्वाचित गर्दा सभामा भएको सामाजिक समावेशितालाई ध्यान दिई महिलाको प्रतिनिधित्व भए नभएको पनि सुनिश्चित गरिएको हुन्छ ।

**पत्रकार :** उपाध्यक्षज्यू अब हाम्रोमा व्यवस्था त राम्रै हुन्छ अभ्यास चाहिँ कस्तो भएको छ कुन्नी ?

**उपाध्यक्ष :** हामीकहाँ फाट्टफुट्ट मात्र विवाद आउने गरेका छन् । आएजति हामीले चाँडै टुङ्ग्याका छौँ । अझै आम जनताहरु यो प्रावधानका बारेमा जानकार नभएको महसुस भइरहेको छ ।

**पत्रकार :** ल यो कुरो त स्वीकार गर्नुभयो अनि न्यायसम्बन्धी कार्य चाहिँ कसरी हुने गरेको छ ?

**उपाध्यक्ष :** विवाद निरुपण गर्दा न्यायिक समितिका संयोजक र सबै सदस्यले कारबाही र किनारा गर्न नमिल्ने हुन सक्छ । निजी सरोकार वा स्वार्थ गाँसिएका वा नाताभित्रका व्यक्तिसँग सम्बन्धित विवाद हुन सक्छ । त्यसो भएमा त्यस्तो विवादको निरुपण गर्न सम्बन्धित सभाले कुनै तीन जना सदस्यलाई सो विवादको मात्र कारबाही र किनारा गर्ने गरी तोक्नुपर्दछ ।

**पत्रकार :** ए, समितिका सदस्यहरुकै नातेदार परे वा उनीहरुकै कुरा पर्‍यो भने चाहिँ गाउँसभाले अरु ३ जना तोक्ने रहेछ हैन त ? ठिकै हो आफ्नो मुद्दा आफैँ हेर्दा त न्याय भन्दा पनि अन्याय भइहाल्छ नि । यसबारे थप के व्यवस्था छन् त ?

**उपाध्यक्ष :** न्यायिक समितिबाट न्यायनिरुपण गर्दा वा अधिकार क्षेत्रको प्रयोग गर्दा केही थप व्यवस्था गरिएको छ । जस्तै :

१. न्यायनिरुपण गर्दा न्यायिक समितिको संयोजक र सदस्यहरुले सामूहिक रुपले निर्णय गर्नुपर्ने र बहुमतको रायलाई न्यायिक समितिको निर्णय मानिने छ ।।

२. न्यायिक समितिको संयोजक र अर्को एक जना सदस्यको उपस्थिति भएमा विवादको कारबाही र किनारा गर्न सकिने व्यवस्थ छ ।

३. न्यायिक समितिको संयोजकबाहेक अरु दुई जना सदस्यको उपस्थिति भएमा विवादको किनारा गर्नबाहेक अरु कारबाही गर्न सकिने छ ।

४. कुनै कारणले संयोजकको पद रिक्त भएमा न्यायिक समितिमा रहेका अन्य दुई जना सदस्यको सर्वसम्मतिमा विवादको कारबाही र किनारा गर्न सकिने छ ।

५. कुनै विवादको सम्बन्धमा न्यायिक समितिको संयोजक वा कुनै सदस्यको निजी सरोकार वा स्वार्थ गाँसिएको वा नाताभित्रका व्यक्ति विवादको पक्ष हुन सक्छ । त्यसो भएमा सम्बन्धित संयोजक वा सदस्यले त्यस्तो विवाद निरुपणमा सहभागी नहुने व्यवस्था छ ।

६. संयोजक वा कुनै सदस्यले हेर्न नमिल्ने विवादको हकमा निजबाहेक अन्य सदस्यले विवादको कारवाही र किनारा गर्न सक्ने व्यवस्था छ ।

**पत्रकार :** धेरै जानकारी दिनुभयो । यसका लागि यहाँलाई धन्यवाद । अब यो अन्तर्वार्ता भोलिको पत्रिकामा निस्कने छ । आमजनताले पढेर सुसूचित हुने अवसर पक्कै पाउनेछन् । अहिले जान्छु नमस्कार ।

**उपाध्यक्ष :** हस् त नमस्कार, यहाँलाई पनि धेरै धन्यवाद

## क्रियाकलाप १. तपाईंले माथिको वार्तालाप पढिसकेपछि कोष्ठकमा दिएका मध्ये ठिक विकल्प छनोट गरी खाली ठाउा भर्नुहोस् ।

क. स्थानीय तहको न्यायले सामाजिक सद्भाव र शान्तिको वातावरणमा ...................... असर गर्छ । (नकारात्मक/सकारात्मक )

ख. नेपालको संविधानमा स्थानीय तहमा न्याय हेर्ने व्यवस्था उल्लेख ........................... । ( छ/छैन )

ग. न्यायिक समितिका २ जना सदस्यहरु गाउँपालिकाका अध्यक्ष वा नगरपालिकाका प्रमुखले छनोट ...................... । ( गर्छन/गर्दैनन् )

घ. न्याय समितिका...................... सँग सम्बन्धित विवाद भएमा सो विवादका लागि मात्र गाउँ वा नगरसभाले अरु छुट्टै तीन जना तोक्ने व्यवस्था छ ।( तीनै जना/ दुबै जना )

ङ. तीन जनाको ...................... निर्णयबाट विवाद किनारा लगाइन्छ । (सामुहिक/ बहद्रमत )

च. न्यायिक समितिमा संयोजक अनुपस्थित भएमा विवादको किनारा लगाउन...................... । (मिल्दैन/मिल्छ )

**यी कुराहरू पनि मनन गरौँ है :**

**१. स्थानीय तहको न्यायिक समितिले विवाद वा न्याय टुङ्गो लगाउँदा निम्न प्रक्रिया पूरा गर्नुपर्छ :**

क. सर्वप्रथम उजुरी गर्ने पक्षहरुको निवेदन दर्ता गर्ने अनि मात्र कारबाही सुरू गर्ने,
ख. विवादका सबै पक्षधरहरुको कुरा राम्ररी सुन्ने,
ग. मेलमिलापकर्ताबाट मिलापत्र गराउने,
घ. न्यायिक समितिले रोक्का राख्न आदेश दिनुपर्ने भए आदेश दिने,
ङ. संरक्षण गर्नङ्पर्ने संरक्षणको आदेश वा निर्देश दिने,
च. सुरू गरेको तीन महिनाभित्र विवाद निरुपण गरिसक्नुपर्ने,
ज. जे निर्णय हुन्छ त्यसको कार्यान्वयन गर्नु गराउनुपर्ने,
झ. विवादका कारबाही भएका सबै कागजातहरुको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्ने,

**२. मेलमिलापकर्ता र उनीहरूको भूमिका :**

पक्षहरु बिच मिलापत्र गराउँदा भद्रभलाद्मी, बुद्धिजीवी, न्यायिक, प्रशासनिक तथा सामाजिक क्षेत्रको सीप र अनुभव भएका व्यक्तित्वहरु रहने गरी निर्माण भएको न्यायिक समितिले मेलमिलाप कर्ताहरुको वडागत आधारमा सचीकृत गरी सचीकृत मेल मिलापकर्ताबाट मात्र मिलापत्र गराउनुपर्छ ।
विवादित पक्षहरुलाई मिलाउन तेश्रो पक्षको रुपमा संलग्न व्यक्तिलाई मेलमिलापकर्ता(Mediator) भनिन्छ । मेलमिलापकर्ताको भूमिका देहाय बमोजिम हुनु आवश्यक हुन्छ :

» निजी वा सामूहिक तबरमा विवाद समाधानका उपायहरु पत्ता लगाउने,
» विवादित पक्ष र उनीहरुका प्रतिनिधिहरुलाई सही समाधान खोजी गर्न सघाउने,
» विवादका दुवै पक्षलाई उनीहरुका कुरा भन्न र एक अर्कालाई बुझ्न सहयोग गर्ने,
» पक्ष वा विपक्षमा नलागी तटस्थ व्यक्तिका रुपमा विवादित पक्षहरुलाई विवाद समाधानका विकल्पबारे छलफल गर्न प्रेरित गर्ने,
» सहमति वा सम्झौताका बुँदाहरु यकिन गरी दुवै पक्षलाई मान्य हुने निर्णयमा पुग्न सघाउने,

**३. न्यायिक समितिलाई देहायका विवादहरूको निरूपण गर्ने अधिकार रहेको छ ।**

» आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोगसम्बन्धी विवाद,
» अर्काको बाली नोक्सानी गरेको सम्बन्धी विवाद,
» चरन, घाँस, दाउराको उपयोगसम्बन्धी विवाद,
» ज्याला मजुरी नदिएको सम्बन्धी विवाद,
» घरपालुवा पशुपक्षी हराएको वा पाएको सम्बन्धी विवाद,
» जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको सम्बन्धी विवाद,
» अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रूख बिरूवा लगाएको सम्बन्धी विवाद, तथा अन्य ।

**४.मेलमिलापको माध्यमबाट मात्र विवादको निरूपण गर्ने केही विषयहरू :**

न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार रहेको छ । यस्ता विवादको सम्बन्धमा पक्षले चाहेमा सिधै अदालतमा मुद्दा दायर गर्न सक्छ ।

- सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक एकको हकको जग्गा अर्कोले चापी, मिची वा घुसाई खाएकोसम्बन्धी विवाद,
- सरकारी, सार्वजनिक वा सामुदायिकबाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको सम्बन्धी विवाद,
- पति-पत्नी बिचको सम्बन्ध विच्छेदसम्बन्धी विवाद,
- अङ्गभङ्गबाहेक बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिटसम्बन्धी विवाद,
- गाली बेइज्जतीसम्बन्धी विवाद,
- लुटपिटसम्बन्धी विवाद तथा अन्य,

## क्रियाकलाप २. माथिका सबै कुराहरू राम्ररी पढेर तल दिइएका प्रश्नहरूको जवाफ दिने प्रयास गर्नुहोस्, आवश्यकता भएमा अभिभावकहरूको सहयोग पनि लिनुहोस् ।

क. मेलमिलापकर्तामा कस्ता व्यक्ति रहन्छन् ?

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

ख. न्यायिक समितिले जेष्ठ नागरिकका बारेमा कस्तो न्यायनिरुपण गर्नेगर्छ ?

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

ग. न्यायिक समितिमा कोको हुन्छन् ?

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

.घ. लुटपाटसम्बन्धी विवाद कसरी निरुपण हुन्छ ?

.................................................................................................................................

.................................................................................................................................

...............................................................................................................................

ङ. कद्रनै विवादको पक्ष वा विपक्षमा न्यायिक समितको नातेदार भएमा के गर्ने व्यवस्था छ ?

.................................................................................................................................

.................................................................................................................................

...............................................................................................................................

## क्रियाकलाप ३. दिएका वाक्यहरू ठिक भए (✓) चिह्न बेठिक भए (✗) चिह्न लगाउनुहोस् ।

क. स्थानीय तहको न्यायमा दण्ड सजाय भन्दा पनि मेलमिलापलाई बढी जोड दिइन्छ । ☐

ख. न्यायको कारबाही ५ महिनाभित्र किनारा लगाइसक्नुपर्छ । ☐

ग. कतिपय विवादमा न्यायिक समितिलाई सहयोग पुऱ्याउन मेलमिलापकर्ताहरु चाहिन्छ । ☐

घ. गाली बेइज्जतिसम्बन्धी विवाद मेलमिलापबाट मात्र मिलाउनुपर्छ । ☐

ङ. पानीघाटको बाँडफाँड तथा उपयोगसम्बन्धी विवाद निरुपण गर्ने अधिकार न्यियक समितिलाई छैन । ☐

च. पक्षहरु बिच मिलापत्र गराउन न्यायिक समितिले मेलमिलाप कर्ताहरुको वडागत आधारमा सूची तयार गर्नुपर्छ । ☐

## क्रियाकलाप ४. परियोजना कार्य

अभिभावक र साथीसङ्गीहरुको सहयोगमा आफ्नो गाउँटोलमा विगतदेखि हालसम्म के कस्ता विवादहरु भए सङ्कलन गरी सूची बनाउनुहोस् । ती मध्ये स्थानीय तहको न्यायिक समितिबाट निरुपण हुने जति छुट्याउनुहोस् ।

## क्रियाकलाप ५. अन्तर्क्रियामा आधारित क्रियाकलाप

गाउँघर वा सहरबजारका छरछिमेकमा केकस्ता वादविवादमा मेलमिलापको माध्यमबाट न्याय टुङ्ग्याउने कार्य हुन्छ, नजिकका कुनै तीन/चार जना दादादिदीहरुसँग छलफल वा अन्तर्क्रिया सञ्चालन गरी उनीहरुले भनेका मुख्य पाँच/ छ ओटा कुरा टिपोट गर्नुहोस् र टिपोट गरेका कुराहरु उनीहरुलाई र घरपरिवारमा सुनाउनुहोस् । थप कुरा आएमा सो पनि टिपोट गर्नुहोस् ।

## उत्तरकुञ्जिका

**क्रियाकलाप १. तपाईंले माथिको वार्तालाप पढिसकेपछि कोष्ठमा दिएका मध्ये ठिक विकल्प छनोट गरी खाली ठाउँ भर्नुहोस् ।**

क. सकारात्मक  ख. छ  ग. गर्दैनन्

घ. तीनै जना  ङ. सामुहिक  च. मिल्दैन

**क्रियाकलाप २. माथिका सबै कुराहरू राम्ररी पढेर तल दिएका प्रश्नहरूको जवाफ दिने प्रयास गर्नुहोस्, आवश्यकता भएमा अभिभावकहरूको सहयोग पनि लिनुहोस् ।**

क. उत्तर : स्थानीय भद्रभलाद्मी, बुद्धिजीवी, न्यायिक, प्रशासनिक तथा सामाजिक क्षेत्रको सीप र अनुभव भएका व्यक्तित्वहरु रहन सक्छन् ।

ख. उत्तर : जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको सम्बन्धी विवाद,

ग. उत्तर : स्थानीय पालिकाका उपाध्यक्ष वा उपप्रमुख संयोजक हुने र वडाका सदस्यहरुमध्ये गाउँसभा वा नगरसभाले निर्वाचनबाट छनोट गरेका २ जना सदस्यहरु गरी ३ जना हुन्छन् ।

घ. उत्तर : मेलमिलापकर्ताको सहयोगमा मेलमिलापको माध्यमबाट निरुपण हुन्छ ।

ङ. उत्तर: जसको नाता पर्ने हो उसले त्यो व्यक्तिको मुद्दा हेर्न नपाउने र अन्यबाट किनारा लगाउने प्रावधान छ ।

**क्रियाकलाप ३. दिएका वाक्यहरू ठिक भए (✓) चिह्न बेठिक भए (✗) चिह्न लगाउनुहोस् :**

क. (✓)  ख. (✗)  ग. (✓)  घ. (✓)  ङ. (✗)  च. (✓)

**क्रियाकलाप ४. परियोजना कार्य**

विवादका सूचीहरु सङ्कलन गरेपछि ती मध्ये स्थानीय तहको न्यायिक समितिबाट निरुपण हुनेजति छुट्याउनका लगि माथिको पाठ अध्ययन गर्नुहोस् थप नयाँ घटना भएमा वा वेबसाइट www.mofald.gov.np अथवा https://mofaga.gov.np/ बाट स्थानीय शासन स्रोत पुस्तिका डाउनलोड गरी हेर्नुहोस् वा स्थानीय पालिकामा सम्पर्क गरेर पहिचान गर्नुहोस् ।


**क्रियाकलाप ५. अन्तर्क्रियामा आधारित क्रियाकलापको सम्भावित उत्तर**


गाउँघर वा सहरबजारका छरछिमेकमा हुने वादविवादमा मेलमिलापको माध्यमबाट न्याय टुङ्गाउने विषयहरु यस प्रकारका हुने गर्छन् :

१. आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँड तथा उपयोगसम्बन्धी विवाद,
२. अर्काको बाली नोक्सानी गरेको सम्बन्धी विवाद,
३. चरन, घाँस, दाउराको उपयोगसम्बन्धी विवाद,
४. ज्याला मजुरी नदिएको सम्बन्धी विवाद,
५. घरपालुवा पशुपक्षी हराएको वा पाएको सम्बन्धी विवाद,
६. जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको सम्बन्धी विवाद,
७. अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रूख बिरूवा लगाएको सम्बन्धी विवा तथा अन्य यस्तै मिल्दाजुल्दा विवादहरु,


पाठ 3

# स्थानीय तहका अधिकार र सेवासुविधा













हामीले स्थानीय तहको शासकीय संरचना र न्याय प्रणालीका बारेमा अघिल्ला पाठहरुमा अध्ययन गर्यौं । अब हामी स्थानीय तहका अधिकारहरुका बारेमा छलफल गर्ने छौँ । यहाँ अधिकार भन्ने बित्तिकै गर्नुपर्ने कामहरु जोडिन्छन् । अधिकारहरु कामकै लागि हुन् । तसर्थ काम कर्तव्य र अधिकारसँगै जोडिएर आउने कुरा हुन् ।

संविधान देशको मूलकानून हो । यसबाट अन्य ऐन नियमहरु जन्मन्छन् । नेपालको संविधानले स्थानीय तहलाई दिएका अधिकारहरु मध्ये मुख्यमुख्य पाँचओटा अधिकारहरु केके रहेछन्, हेरौं है त ।

### क. आधारभूत र माध्यमिक शिक्षाको अधिकार

कक्षा आठसम्मको आधारभूत तह र कक्षा १२ सम्मको माध्यमिक तहको शिक्षा विकासका लागि स्थानीय तहलाई संविधानले अधिकार दिएकको छ । विद्यालयहरुको स्थापना गर्ने, रेखदेख र अनुगमन गर्ने साथै मूल्याङ्कन गर्ने अधिकार स्थानीय तहको हुन्छ ।

### ख.आधारभूत स्वास्थ्य र सरसफाइको अधिकार

जनताहरुलाई सामान्य उपचार गर्न स्वास्थ्य चौकीहरुको स्थापना र नि:शुल्क तथा सुपथ मूल्यका औषधी एवम् उपचारको व्यवस्था गर्ने अधिकार पनि स्थानीय तहलाई छ । आफ्नो क्षेत्र वा गाउँटोलको सरसफाइको सेवा दिने, फोहोर व्यवस्थापन गर्ने र सफाइ औजारहरुको व्यवस्था गर्ने जिम्मेबारी पनि रहेको छ ।

### ग.स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षणको अधिकार

उत्पादित वस्तु विक्री र आवश्यक बस्तु खरिद गर्न हाटबजारको व्यवस्था गर्ने र वन जङ्गलको संरक्षण र विस्तार गर्ने अधिकार पनि स्थानीय तहहरुको हो ।

### घ.स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइको अधिकार

स्थानीय यातायातका लागि बाटोघाटो निर्माण गर्ने अधिकार स्थानीय तहलाई छ । कृषि उत्पादन, बेचविखन र खरिद विक्रीका लागि सहज यातायातको व्यवस्था गर्न सडक निर्माण गर्ने अधिकार छ । विभिन्न प्रकारका खेतीपातीका लागि सिँचाई गर्न कुलो र नहरको निर्माण कार्य पनि स्थानीय तहले गर्न पाउने अधिकार छ ।

### ङ. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापनको अधिकार

समाजमा रहेका असाहाय, वृद्ध व्यक्तिहरु र विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण हेरचाह गर्न तथा सेवा सुविधा दिने अधिकार पनि स्थानीय तहमा रहेको छ ।

## क्रियाकलाप १ : जोडा मिलाऔं

अधिकारहरु र ती अधिकारहरुबाट प्राप्त हुने सेवा सुविधाहरुको जोडा मिलाउने प्रयास गर्नुहोस् । आफूभन्दा ठुला वा जान्नेलाई देखाउनुहोस् ।

| अधिकारहरू | सेवासुविधाहरू |
|---|---|
| १. अशक्तहरुको व्यवस्थापन | क. यातायात वा आवतजावत सुविधा |
| २.आधारभूत तथा माध्यमिक शिक्षा | ख. उत्पादनको विक्री वितरण र सामग्री खरिद |
| ३. सडक निर्माण | ग. गुणस्तरीय शिक्षका लागि रेखदेख |
| ४. वातावरण संरक्षण | घ. आधारभूत उपचार व्यवस्था |
| ५ स्वास्थ्य र सरसफाइ | ङ कक्षा ८ र कक्षा १२ सम्मको शिक्षा |
| ६. बजार व्यवस्था | च. वृक्षारोपण र हरियाली |
| ७. विद्यालय स्थापना, अनुगमन र मूल्याङ्कन | छ. वृद्ध तथा अपाङ्गताहरुलाई भत्ता |
| | ज. खेलकुद सञ्चालन |

**थप अध्ययन गरौँ :**




**नेपालको संविधानको भाग १७ र १८, धारा २१४ र २२१ सँग सम्बन्धित अनुसूची–८**
**स्थानीय तहको अधिकारको सूची**

| क्र.स. | विषयहरू | क्र.स. | विषयहरू |
|---|---|---|---|
| १ | नगर प्रहरी | २ | सहकारी संस्था |
| ३ | एफ.एम सञ्चालन | ४ | स्थानीय कर ( सम्पत्ति कर, घर बहाल कर,घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमीकर( मालपोत), दण्ड जरिबाना, मनोरञ्जन कर, मालपोत सङ्कलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन | ६ | स्थानीय तथ्याङ्क अभिलेख र सङ्कलन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु | ८ | आधारभूत र माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य र सफाइ | १० | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ | १२ | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन | १४ | घरजग्गा धनीपूर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी | १६ | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारको तथ्याङ्क सङ्कलन | १८ | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९ | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा | २० | विपद् व्यवस्थापन |
| २१ | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | २२ | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

## क्रियाकलाप २: तलका प्रश्नहरूको उत्तर दिनुहोस्

क.स्थानीय तहका अधिकारहरु कुन कानुनमा दिइएका रहेछन् ?

..........................................................................................................

ख. नेपालको संविधानले कतिओटा अधिकारहरु दिएको रहेछ ?

..........................................................................................................

ग. काम कर्तव्यसँग अधिकार किन जोडिएर आउँछ ?

.................................................................................................................................................

घ. स्थानीय तहहरु अधिकारविहीन छन् वा छैनन् ? कारण दिनुहोस् ।

.................................................................................................................................................

ङ. स्थानीय तहलाई किन अधिकारसम्पन्न बनाइएको होला ?

.................................................................................................................................................

**आउनुहोस् स्थानीय तहले विकास निर्माण गर्दा अपनाउने कार्यप्रणाली बारे अध्ययन गरौँ :**



### विकासको कार्यप्रणालीसम्बन्धी घटना अध्ययन गरौँ

झापा जिल्लाको अर्जुनधारा नगरपालिकाले विभिन्न विकास निर्माणका कार्यहरु अगाडि बढाएको छ । त्यस नगरपालिकाले विकासका कार्य गर्नका लागि आवश्यक कार्यविधि र प्रक्रिया निर्धारण गरी स्वीकृत गरेको छ । नगरपालिकाले विभिन्न कार्य नीतिहरु पनि बनाएको छ । विकासका कार्य गर्ने व्यक्ति वा निकायहरुसँग कार्य थाल्नुअगाडि उनीहरुसँग सम्झौता गर्ने गरेको छ । सम्झौता नगरी त्यस नगरपालिकाले विकासका कार्य सञ्चालन नै गर्दैन । निर्धारित नीति र कार्यविधिअनुसार मात्र विकासका कामहरुको कार्यान्वयन गर्ने गराउने गरेको छ ।

त्यस नगरपालिकाले वर्षभरि गर्नुपर्ने कामहरुको योजना बनाउने गरेको छ । योजनामा कसरी काम गर्ने, कति खर्च लाग्ने, कति समय लाग्ने, काममा कोको संलग्न हुने र त्यसबाट कसलाई फाइदा हुने कुरा लेखिएको हुन्छ । त्यहाँ बिना योजना कुनै काम हुँदैन । विकासका कार्यहरुको योजना निर्माणदेखि अनुगमन र मूल्याङ्कनसम्मका प्रक्रियाहरुमा स्थानीय व्यक्तिहरुको सहभागिता गराउने गरेको छ । त्यसो भएमा उनीहरुबाट विकास कार्यहरुको रेखदेख, संरक्षण, नियन्त्रण हुन्छ भन्ने मान्यता यस नगरपालिकाको रहेको छ । विकासका कार्य अघि बढाउनुअघि वातावरण मूल्याङ्कन गराउने गरेको छ । फलस्वरुप यस कार्यशैलीबाट दीगो विकासमा टेवा पुगेको छ । जनतामा विकासका कार्यहरु हाम्रै हुन् हामै लागि हुन् भन्ने भावनाको विकास भएको छ । उनीहरुबाट बाधाविरोध कम हुन्छ, सहयोग बढी भएको छ ।

### क्रियाकलाप: ३ माथिको पाठ पढेर तल दिइएका वाक्यहरुलाई सही र गलत छुट्याई चिनो लगाउनुहोस् ।

क. विकासका कामहरुको योजना निर्माण गर्नुपर्छ । | सही / गलत |

ख. निर्माणका कार्य गर्दा उक्त कार्य सकिएपछि मात्र सम्झौता गर्नुपर्छ । | सही / गलत |

ग. गाउँपालिका वा नगरपालिकाहरुले कार्य गर्दा नीति बाहेकका काम पनि गर्नुपर्छ । | सही / गलत |

घ. स्थानीय सहभागिता भएन भने दिगो विकासमा टेवा पुग्छ । | सही / गलत |

ङ. विकासका योजनाहरुमा लाग्ने खर्च र काम सकिने समय उल्लेख हुन्छ । | सही / गलत |

च. विकासमा जनसहभागिता हुँदा अपनत्वको भावना बढ्छ । | सही / गलत |

**यी कुराहरू याद गरौँ है :**

**स्थानीय तहले दिने केही मुख्य सेवासुविधाहरू यस प्रकार छन् :**

» सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ, पिउने पानी र सरसफाइ, सामाजिक सुरक्षाको सेवा),

» आर्थिक क्षेत्र (कृषि, उद्योग र सेवा, पर्यटन व्यवसाय, सहकारी संस्था, हाट, बजार सञ्चालन)को सेवा,

» भौतिक पूर्वाधार निर्माण (सडक तथा यातायत सञ्जाल, सिँचाइ सुविधा

» सामाजिक पूर्वाधार (विद्यालय, स्वास्थ्य सेवा, सार्वजनिक भवन, सभागृह ल्यान्डफिल साइट निर्माण आदि),

» ऐतिहासिक तथा साँस्कृतिक पूर्वाधारको विकास, संरक्षण र संर्वद्धनको सेवा

» सवैका सरोकारका विषयहरु (बालबालिका, लैङ्गिक, अपाङ्गता भएका व्यक्ति, जेष्ठनागरिक, अल्पसंख्यक, विपन्नवर्ग, वातावरण मैत्री स्थानीय शासन)

» मालपोत, भूमिकर, जग्गाधनी पूर्जा वितरण गर्ने,

» स्थानीय तहमा प्राकृतिक, भौतिक पूर्वाधार, ऐतिहासिक एवम् साँस्कृतिक लगायतका अचल, चल सम्पत्तिको अभिलेख राख्ने,

» वन, वातावरण, भू-संरक्षण, जलाधार क्षेत्र तथा विपद व्यवस्थापनको सेवा,

» सुशासन तथा समावेशी विकास प्रवर्द्धन तथा विकास गर्ने,

» व्यक्तिगत घटना, जन्म, मृत्यू विवाह आदिको दर्ता गर्ने,

» एफ. एम. सञ्चालन तथा पत्रपत्रिका प्रकाशन स्वीकृति गर्ने,

» स्थानीय ज्यालाको दररेट निर्धारण गरिदिने आदि,

## क्रियाकलाप ४ : परियोजनाकार्य

तपाईका साथीहरु वा अभिभावकसँग सोधपुछ गरी आफ्नो बसोबास भएको सम्बन्धित वडाकार्यालयले स्थानीय जनताको सेवासुविधाका लागि गर्ने गरेका कुनै ५ ओटा कार्यहरुको सूची तयार गरेर घरका परिवारका अग्रजसमक्ष प्रस्तुत गर्नुहोस् ।

## क्रियाकलाप ५ : समूहकार्य

तपाईंको पालिकाले "आधारभूत स्वास्थ्य र सरसफाइको अधिकार" शीर्षकमा पर्ने केकस्ता काम गर्नुपर्छहोला ? छरछिमेकका साथीसँगीहरुको ३ वा ४ जनाको एक समूहमा छलफल गराउनुहोस् । उनीहरुको छलफलबाट आएका कुरा टिपोट गरी अन्तमा उनीहरुलाई निचोडमा सुनाउने वा प्रस्तुत गर्ने कार्य गर्नुहोस् ।

# उत्तरकुञ्जिका

**क्रियाकलाप १: जोडा मिलाऔँ**

(१) छ (२) ङ (३) क (४) च (५) घ (६) ख (७). ग

**क्रियाकलाप २: तलका प्रश्नहरूको उत्तर दिनुहोस् उत्तर**

क. उत्तर : स्थानीय तहका मुख्य अधिकारहरु नेपालको संविधानमा दिएका छन् र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएका छन् ।

ख. उत्तर : २२ ओटा अधिकार दिएको छ ।.

ग. उत्तर : अधिकार केही गर्नलाई हो । अधिकारविना काम र कर्तव्य पूरा गर्न सकिँदैन, अर्थात् अधिकारलाई काम कर्तव्य आवश्यक छ । कामकर्तव्यलाई अधिकार आवश्यक छ । तसर्थ सँगसँगै आउँछन् ।

घ. उत्तर : स्थानीय तहहरु अधिकार विहीन छैनन्, नेपालको संविधानले अधिकार सम्पन्न बनाएको छ ।

ङ. उत्तर : स्थानीय सरकारका रुपमा काम गर्न सक्षम बनाउने उद्देश्यले अधिकार सम्पन्न बनाएको हो । यसबाट जनताले बढी सेवासुविधा पाउन सक्छन् ।

**क्रियाकलाप ३. माथिको पाठ पढेर तल दिएका वाक्यहरूलाई सही र गलत छुट्याई चिनो लगाउनुहोस् । उत्तरः**

क. सही ख.गलत ग. गलत घ. गलत ङ. सही च. सही

**क्रियाकलाप ४: परियोजनाकार्यको उत्तर**

१.विकास कार्य २. सामाजिक सुरक्षा र गरिबी निवारण कार्य

३.भूमि व्यवस्थापन कार्य ४.चाडपर्व, भाषा संस्कृतिको विकास कार्य

५.नियमनसम्बन्धी कार्य, सिफारिश तथा प्रमाणित गर्ने कार्य अन्तर्गत पर्ने धेरै कार्यहरुमध्ये ५ ओटा कार्यहरु मात्र टिपोट गरी प्रस्तुत गर्नुहोस् ।

**क्रियाकलाप ५: समूहकार्यको उत्तर**

पालिकाले "आधारभूत स्वास्थ्य र सरसफाइको अधिकार" शीर्षकमा गर्ने कार्यहरु निम्नानुसार जस्तै अन्य पनि मिल्ने हुन सक्छन्

क. स्वास्थ्यसम्बन्धी समुदायमा जनचेतना जगाउने

ख. समुदायमा सरसफाइ गर्ने गराउने

ग. स्वास्थ्य चौकी स्थापना

घ. नि:शुल्क औषधी वितरण

ङ. बालबालिकाहरुलाई खोप लगाउने,

च. स्वास्थ्य शिविर सञ्चालन

छ. स्यानिटरी प्याड वितरण


ज. रक्तदान कार्यक्रम आयोजना आदि जस्तै अन्य हुनसक्छन् ।

# पाठ ४ नक्सा बनाऊँ सम्पदा पहिचान गरौँ

## पाठ परिचय

हाम्रो घर अथवा बसोबास भएको ठाउँ कुनै गाउँपालिका वा नगरपालिकाभित्र पर्छ । कसैकसैको त उपमहानगर र महानगरपालिका भित्र पनि पर्छ । प्रत्येक गाउँपालिका वा नगरपालिकाहरुलाई धेरै वडाहरुमा बाँडिएको हुन्छ । तपाईंको बसोबास पनि कुनै गाउँपालिका वा नगरपालिकाको वडाभित्र छ । एउटा वडाभित्र तपाईं हामी बस्ने गरेका गाउँ टोल र समुदाय हुन्छ । यी सबैले कुनै निश्चित क्षेत्र ओगटेको हुन्छ । अब हामी हाम्रो गाउँपालिका वा नगरपालिका र वडाले कति क्षेत्र ओगटेको छ । कस्तो आकारको क्षेत्र छ र पूर्वपश्चिम उत्तर दक्षिण कहाँसम्म पुगेको छ भनी नक्सा बनाउन प्रयास गर्ने छौँ ।

**हाम्रो गाउँपालिका वा नगरपालिकाको नक्सा :**



माथिको चित्र हेर्दा तपाईंको देब्रेतिर पश्चिम हो । दाहिनेतिरको भागपूर्व हो । माथितरिको भाग उत्तर र तलतिरको भाग दक्षिण हो । बिचमा देखाएका नम्बरहरु वडा नम्बरहरु हुन् । यसरी पालिकालाई वडामा बाँडेर जनतालाई सेवासुविधा दिन सजिलो बनाइएको हुन्छ । त्यसैगरी देशलाई पनि प्रदेश, अञ्चल, जिल्लामा बाँडेर त्यहीँबाट सेवा गर्ने गरिएको हुन्छ । यसरी प्रशासनिक वा सेवासुविधाका हिसाबले बाँडफाँड गरी बनाएको नक्सा राजनैतिक नक्सा हो । माथि दिएको नक्सामा वडा नं. देखाइएकाले यो राजनीतिक नक्सा हो ।

**अब यहाँ नक्सामा दिशा कसरी छुट्याउने गरिन्छ हेरौं :**

| दिशा | नक्सामा हुनुपर्ने दिशा |
|---|---|
| **W(West) =** पश्चिम,देब्रे हाततिर | |
| **S(South) =** दक्षिण,तल | |
| **E(East) =** पूर्व, दाहिने हाततिर | |
| **N(North) =** उत्तर, माथि | |

### क्रियाकलाप १: अब माथिको नगरपालिकाको चित्र हेरी तल दिइएका प्रश्नहरूको जवाफ दिनुहोस् है त ।

क. यो नगरपालिकाको वरिपरि कुनकुन ठाउँ रहेछन् ?

ख. पूर्व र उत्तरमा कुन ठाउँहरु तथा पश्चिम र दक्षिणमा कुनकुन ठाउँ रहेछन् ?

ग. यो नगरपालिका कति वडामा बाँडिएको रहेछ ?

घ. यो नगरपालिकाको सिमाना सबैतिर मिलेको रहेछ वा नमिलेको रहेछ ?

ङ. सबैभन्दा पूर्व, पश्चिम र उत्तरमा कुनकुन वडा नं. पर्ने रहेछन् ?

च. सबै भन्दा ठुलो वडा कुन हो ?

### क्रियाकलाप २: तल दिइएको कोठामा तपाईं पनि आफ्ना दाजुदिदी वा अन्य आफूभन्दा ठुला वा जेष्ठ नातेदारहरूको सहयोगमा पेन्सिलले आफ्नो गाउँपालिकाको नक्सा बनाउने प्रयास गर्नुहोस् । उक्त गाउँपालिकाको पूर्वपश्चिम उत्तर र दक्षिणमा कुनकुन ठाउँहरू पर्छन् त्यो पनि लेख्नुहोस् ।

## क. नक्सा बनाउँदा यी कुराहरूमा ध्यान दिऊँ :

क. नक्सा बनाउन पेन्सिल, इरेजर र स्केल चाहिन्छ ।

ख. नक्सा बनाउँदा पहिला छापेर वा ट्रेसिङ गरेर बानी बसाउनुपर्छ ।

ग. नक्सामा नापो(Scale),दिशा(Direction),सिमाना(Boarder),हुन्छन् । यी कुराहरुलाई ख्याल गर्नुपर्छ ।

घ. नक्सा बनाउँदा पेन्सिल र स्केलले सादा कापीमा बाकस बनाउनुपर्छ ।

ङ. बाकसभित्र नक्साको बाहिरी रेखा हेर्दै कापीमा कोर्ने अभ्यास गर्नुपर्छ ।

च. प्रथम पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुनकुन ठाउँ पर्ने रहेछन् एकिन गर्नुपर्छ ।

छ. सबैतिर सिधा रेखा नहुनसक्छ किनकि जमिनको आकार अनुसार कहिँभित्र पसेको हुन्छ भने कहिँबाहिर निस्केको हुनसक्छ ।

ज. आफ्नो पालिकाको नक्सा बनाउँदा उक्त पालिकाभित्र कतिओटा वडा छन् ती सबैको नक्सा बनाउनुपर्छ


झ. नक्साभित्र विभन्न सम्पदा वा स्रोतहरुको सङ्केत देखाउनुपर्छ ।

ङ. लम्बाइ र चौडाइ दुरूस्त मिलेको पालिकाहरु नहुने भएकाले कुनै क्षेत्र साँघुरो र कुनै क्षेत्र फराकिलो हुनसक्छ ।

## ख. नक्सामा प्रयोग हुने सङ्केतहरू

कागजमा नक्सा कोर्नुपर्छ । कागज सानो हुन्छ । तर त्यहाँ धेरै बनाएर देखाउनुपर्ने हुन्छ । हामीले हिमाल, जङ्गल, तलाउ, बस्ती र अन्य कुराहरु देखाउनुपर्छ । कुन वस्तु केहो भनेर जनाउने कुरा सङ्केत हुन् । विभिन्न वस्तुका सङ्केतहरुले नक्सा बुझ्न सजिलो हुन्छ । तलको चित्रमा तलाउ जङ्गल घर जस्ता केही वस्तुहरुको सङ्केत नमुनाका रुपमा दिएका छन् । नक्सामा प्रयोग हुने केही सङ्केतहरु हिमाल, पहाड, झरना, मन्दिर, सडक आदिको सङ्केत के के हुने रहेछन् ? अब तपाईं पनि खोजी गर्नुहोस् ।

**अब वडाको सामाजिक नक्सा बनाउने कोसिस गरौं**






अब कुनै नक्सा पुस्तक वा पत्रपत्रिकाबाट खोजेर ल्याउनुहोस् । त्यसलाई तल राखेर त्यसमाथि पातलो सेतो कागज राखेर पेन्सिलले त्यहाँ भएको नक्साको लाइन र त्यसभित्रका चित्रहरुको बिस्तारै लाइन कोर्नुहोस् । कोर्दै गर्दा बाङ्गोटिङ्गो भएमा इरेजरको सहायताले मेटेर सुधार गर्नुहोस् । तपाईंले कुनै नक्सा फेला पार्नुभएन भए यसै पुस्तकको माथिको चित्रबाट पनि नक्सा कोर्ने अभ्यास गर्न सक्नुहुन्छ ।

त्यसरी नक्सा बनाउने बानी बसेपछि अब आफ्नो समुदाय वा वडाको नक्सा बनाउने प्रयास गर्नुहोस् । तपाईंको समुदाय वा वडामा गाउँटोल वा बस्ती, विद्यालय, मन्दिर, मस्जिद र गुम्बा, स्वास्थ्यचौकी, सामुदायिक भवन, देवीथान र चौतारो आदि जेजे छन् तिनीहरुको चित्र बनाउने प्रयास गर्नुहोस् । राम्रो नक्सा र चित्र बनाएपछि तलदिएको बाकसमा उक्त नक्सा र चित्रहरु उतार गर्नुहोस् ।

**सम्झनुपर्ने कुरा :** सामाजिक नक्सामा मठमन्दिर, स्तुपा, मस्जिद, चर्च, पाटीपौवा, ऐतिकासिक भवनहरु, सार्वजनिक भवनहरु, बस्ती, टोल, धारा, बाटो बैङ्क , अस्पताल चौकी आदि हुन्छन् ।



दिनेशको घर मध्यपुर थिमी नगरपालिका वड नं ३ को विकासमार्ग टोलमा छ । त्यहाँ धेरै गाउँटोल र बस्ती छन् । त्यस वडाभित्र विद्यालयहरु छन् । त्यहाँ मन्दिर, र गुम्बा पनि छन् । उक्त वडामा एउटा वडा कार्यालय, स्वास्थ्यचौकी, अस्पताल, सामुदायिक भवन, प्रहरी चौकी, बैङ्क, जेष्ठ नागरिक भवन छन् । उनको घरदेखि अलिक परतिर तरकारी बजार छ । वडाको बिचमा अरनिको राजमार्ग छ । पूर्वमा वडा नं ४, पश्चिममा वडा नं १, उत्तरमा वडा नं २ र दक्षिणमा सूर्यविनायक नगरपालिका रहेका छन् ।

## क्रियाकलाप ३ :

१.अब तपाईं पनि माथिको नक्सा जस्तै तल दिइएको कोठामा आफ्नो पालिकाको नक्सा बनाई वडाहरुको नं. लेख्नुहोस् र उक्त पालिकाको चारै दिशामा पर्ने अन्य ठाउँ, जिल्ला वा पालिकाहरु देखाउने प्रयास गर्नुहोस् । साथीसङ्गीहरुलाई देखाएर सुझाव लिनुहोस् ।

२. आफ्नो गाउँटोलको नक्सा बनाएर त्यहाँको बाटोको छेउछाउमा रहेका विभिन्न वस्तु, ठाउँ, भवन र अन्य महत्त्वपूर्ण कुराहरु देखाउनुहोस् । आफूले बनाएको नक्सा आफूभन्दा ठुलालाई देखाएर सुझाव लिनुहोस् ।

*वडाको मौसमी नक्सा बनाउने अभ्यास गरौं ।*

**सम्झनुपर्ने कुरा :** मौसमी नक्सामा कुनै ठाउँको अवस्थिति, चिसो, गर्मी, पानी बढी पर्ने, पानी कम पर्ने, घाम धेरै लाग्ने र घाम कम लाग्ने जस्ता अवस्था देखाइन्छ ।

## क्रियाकलाप ४ : माथिको चित्र हेरेर तलका प्रश्नहरूको जवाफ दिने प्रयास गर्नुहोस् ।

क. चित्रमा ओसिलो र पारिलो ठाउँ छ कि छैन ?

..........................................................................................................................................

ख. ओसिलो भएको ठाउँमा केके छन् ?

..........................................................................................................................................

ग. पारिलो भएको ठाउँमा केके छन् ?

..........................................................................................................................................

घ. वन जङ्गल र पानीको स्रोत कतातिर बढी होला ?

..........................................................................................................................................

ङ. कुन ठाउँमा बसोबास बढी छ ?

..........................................................................................................................................

च. बसोबास बढी भएको क्षेत्रमा पिउने र सिँचाइका लागि कहाँबाट पानी ल्याइएको होला ?

..........................................................................................................................................

अब तपाईं पनि तलको बाकसमा आफ्नो वडाको मौसमी नक्सा बनाउने प्रयास गर्नुहोस् । त्यस ठाउँमा घाम बढी लाग्ने, गर्मी हुने, कुहिरो बढी लाग्ने, चीसो हुने र पानी बढी पर्ने ठाउँ छन् ।

**यो पाठसम्बन्धी एक अवस्था अध्ययन गरौँ ।**

समीक्षाको घर पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिकामा पर्छ । उक्त गाउँपालिकाको वडा नं १ मा उनको गाउँ छ । उक्त गाउँको बिचमा डाँडा छ । समीक्षाको घर डाँडाको दक्षिणपट्टि बेसीमा छ । त्यहाँ प्रय: जसो बिहानदेख बेलुकीसम्म नै घाम लाग्ने पारिलो ठाउँ भएकाले गर्मी याममा बढी गर्मी र जाडो याममा न्यानो हुन्छ । डाँडाको अर्को पाटो उत्तरतिर पर्छ र डाँडाको उचाइ पनि बढ्दै गएको हुनाले बढी चिसो छ । बिहान ढिलो घाम लाग्ने र बेलुकी चाँडै अस्ताउने भएकाले बढी ओसिलो र चिसो छ । त्यहाँ बिहान र बेलुकी बढी चिसो हुन्छ । उत्तरतिर अग्लो डाँडा भएकाले कुहिरो लागिरहन्छ । वर्षा याममा बादल त्यही ठोकिएर पानी पर्न सुरू गर्छ । समीक्षाको घरतिर भन्दा त्यहाँ बढी पानी पर्छ । उत्तरतिर रसिलो र दक्षिणतिर सुख्खा जमिन छ । यो अवस्थालाई हावापानी भनिन्छ ।

यस वडामा वर्षाको समयमा एकातिर घाम लागेको बेला अर्कोतिर बादल लागेर पानी परिरहेको हुन्छ । हिउँदमा उत्तरतिर बाक्लो तुसारो पर्छ र बढी चिसो हुन्छ । यस वडामा कहिले घाम कहिले पानी पर्ने गर्छ । मौसम अनुसार कहिले जोडसँग हावाहुरी चल्छ । यसरी चाँडोचाँडो प्राकृतिक अवस्थामा हुने परिवर्तनलाई मौसम भनिन्छ । त्यहाँको मौसम परिवर्तनशील छ । उत्तरतिर पिउने पानी र सिँचाइको समस्या छैन । त्यहाँ खोला खोल्सा झरना छन् । दक्षिणतिर पिउने पानी र सिँचाइको अलिक समस्या छ ।

## क्रियाकलाप ५: माथिको पाठ अध्ययन गरेपछि त्यसका आधारमा तलका वाक्यहरू ठिक वा बेठिक छुट्याउनुहोस् ।

क. घाम बढी लाग्ने ठाउँलाई पारिलो ठाउँ भनिन्छ । ठिक / बेठिक

ख. ओसिलो ठाउँमा बिहान चाँडो घाम लाग्ने र बेलुकी ढिलो घाम अस्ताउने हुन्छ । ठिक / बेठिक

ग. डाँडाको उचाइ बढ्दै र अग्लो हुँदै जाँदा बढी गर्मी हुँदै जान्छ । ठिक / बेठिक

घ. ओसिलो ठाउँमा पानीको स्रोत खोलाखोल्सा बढी हुन्छन् । ठिक / बेठिक

ङ. पारिलो ठाउँ बढी सुख्खा हुन्छ । ठिक / बेठिक

च. चाँडोचाँडो प्राकृतिक अवस्थामा हुने परिवर्तनलाई मौसम भनिन्छ । ठिक / बेठिक

## क्रियाकलाप ६

माथिको नक्सा जस्तै तपाईं पनि आफ्नो वडा र गाउँको नक्सा बनाउन पक्कै सक्नुहुन्छ । यसका लागि पेन्सिल, इरेजर र धर्सा नभएको सेतो कागज तयार गर्नुहोस् । त्यसपछि आफ्नो वडा र गाउँको ओसिलो र पारिलो, बढी पानी पर्ने र कम पानी पर्ने तथा बढी गर्मी हुने र कम गर्मी हुने ठाउँ देखाएर नक्सा बनाउने प्रयास गर्नुहोस् । यसका लागि अभिभावकहरुको सहयोग लिनसक्नुहुन्छ ।

### क्रियाकलाप ७ : परियोजनाकार्य


मोबाइल वा कम्प्युटरमा इन्टरनेट प्रयोग गरी गुगल सर्च गरेर आफ्नो पालिकाको नक्सा खोज्नुहोस् । त्यसमा आफ्नो वडाको नक्सा पहिचान गर्नुहोस् । आफ्नो वडाभित्रका विभिन्न ठाउँ, बस्ती, भवन, स्थल, मौसम ओसिलो पारिलो ठाउँहरुको पहिचान गरी नक्सा तयार गर्नुहोस् ।

वा

आफ्नो वडाकार्यालयमा अभिभावकसँग गएर पालिकाको नक्सा खोज्नुहोस् । त्यसमा आफ्नो वडाको नक्सा पहिचान गर्नुहोस् । आफ्नो वडाभित्रका विभिन्न ठाउँ, बस्ती, भवन, स्थल, मौसम ओसिलो पारिलो ठाउँहरुको पहिचान गरी नक्सा तयार गर्नुहोस् ।

### वडाको प्राकृतिक स्रोत तथा सेवाहरूको स्थिति

**वडाको चित्र**




### अब एउटा घटना अध्ययन गरौँ

कुनै एक स्थानीय तहको गाउँपालिकामा तीन ओटा गाउँ छन् । ती तीन ओटा गाउँहरुको अवस्था एकै खालको छैन । पहिलो गाउँ प्रकृतिक स्रोत र साधन तथा सेवासुविधाले सम्पन्न छ । त्यहाँ शिक्षाका लागि माध्यमिक विद्यालय छ । स्वास्थ्य उपचारका लागि सुविधायुक्त स्वास्थ्यचौकी छ । स्थानीय बासिन्दाहरुले सामान्य उपचारका लागि टाढाको सहर गइरहनुपर्दैन । त्यहाँ प्रहरी चौकी र बैङ्क पनि छ । खानेपानीको धारा घरघरमा पुगेको छ । पक्की बाटो बस्तीको बिचबाट गएको छ । त्यहाँ बिजुली बत्ती पनि छ । वडा कार्यालय पनि त्यहीँ भएकाले घर जग्गाको तिरो तिर्न टाढा गइरहनुपर्दैन । गाउँको माथि जङ्गल छ, त्यहाँ घाँस दाउरा

गर्न र गाईबस्तुको लागि चरन सुविधा छ। नजिकैको खोलाबाट पक्की कुलो बनाएर बेंसीको फाँटमा सिँचाइको व्यवस्था भएको छ। त्यहाँ तरकारी र अन्न उत्पादन राम्रो हुन्छ।

दोस्रो गाउँमा आधारभूत विद्यालय छ। माध्यमिक तह पढ्न अलिक टाढाको गाउँमा जानुपर्छ। गाउँको बिचमा खेल मैदान छ। बालबालिकाहरु साँझपख त्यहाँ गएर खेल्ने गर्छन्। खानेपानीका लागि केही परतिरको जङ्गल नजिकको धारामा जानुपर्छ। बाटो पक्की हुन बाँकी छ। स्वास्थ्य उपचारका लागि पल्लो गाउँ धाएर जानुपर्छ। बिजुली बत्ती सबैतिर पुगेको छैन। गाउँमा अन्य धेरै सुविधा उपलब्ध छैन।

तेस्रो गाउँ वडाको सबैभन्दा टाढाको गाउँ हो। त्यहाँ नजिकमा पानीको स्रोत नभएकाले गाउँलेहरुले टाढाबाट पानी बोकेर ल्याउनुपर्ने अवस्था छ। बिरामी हुँदा उपचारका लागि दुई घण्टा हिडेर अर्को गाउँ जानुपर्छ। नजिकै बजार नभएकाले आवश्यक वस्तु किन्न र आफूले उत्पादन गरेका वस्तु बेच्न टाढा सम्म जानुपर्छ। मोटर चल्ने बाटोघाटो छैन। सिँचाइ सुविधा नभएकाले अन्न उत्पान कम हुन्छ। गाउँमा बिजुली बत्ती छैन। भएको जङ्गल मासिँदै गएर चरन र घाँसपातको अभाव भइरहेको छ। गाउँमा स्कुल नभएकाले बालबालिकाहरुले टाढा धाएर पढ्नुपर्ने अवस्था छ। कत्तिले त बिचमै पढाइ छोड्नुपर्ने हुन्छ।

### क्रियाकलाप ८ : माथिको पाठ पढ्नुहोस् अनि तलका प्रश्नहरूको जवाफ लेख्ने प्रयास गर्नुहोस्।

क. माथिका तीन ओटा गाउँमा वडाको सेवा सुविधा समान छ वा छैन ?

..............................................................................................................................

..............................................................................................................................

ख. सबैभन्दा बढी प्राकृतिक स्रोत साधन कुन गाउँमा छ ?

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

ग. सबैभन्दा कम स्रोतसाधन भएको गाउँ कुन हो ?

..............................................................................................................................

..............................................................................................................................

..............................................................................................................................

घ. बढी सुविधायुक्त गाउँ कुन हो ?

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

ङ. अन्यभन्दा कम सुविधायुक्त गाउँ कुन हो ?

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

च. वडाले सबै भन्दा बढी सेवासुविधा कुन गाउँलाई दिनुपर्ने देखिन्छ ? किन ?

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

छ. सेवासुविधाको असमान वितरण भएमा के हुन्छ ?

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

ज. तपाईंको वडामा सेवासुविधाको समान वितरण छ ?

....................................................................................................................................................

....................................................................................................................................................

....................................................................................................................................................

## क्रियाकलाप ९ : परियोजनाकार्य

१. तपाईंको वडामा उपलब्ध स्रोतसाधन र सेवासुविधाको सूची बनाउनुहोस् । वडाभित्र भएका गाउँहरुमा के कस्ता सेवासुविधा र स्रोतसाधन छन् अभिभावकसँग छलफल गरी टिपोट गर्नुहोस् ।

| गाउँ | सेवासुविधा | स्रोतसाधन |
|---|---|---|
| १. | | |
| | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| | | |

## क्रियाकलाप १० : (खोज क्रियाकलाप)

तपाईंको वडाका सबै गाउँमा समान सेवासुविधा उपलब्ध गराउने उपायहरु के के हुनसक्छन् ? आफ्ना अभिभावक, छरछिमेकका दिदी तथा दाइहरुसँग कुराकानी वा सोधखोज गरी उपायहरु टिपोट गर्नुहोस् ।

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

..........................................................................................................................................

# उत्तरकुञ्जिका

### क्रियाकलाप १: को उत्तर

क. काठमाडौं मनपा, भक्तपुर नपा, सूर्यविनायक नपा, चाँगुनारायण नपा र ललितपुर छन्

ख. भक्तपुर नपा र चागुनारायण नपा

ग. ९ वडमा

घ. मिलेको छैन पूर्वमा फराकिलो र पश्चिममा साँघुरो छ

ङ. पूर्व ९ नं पश्चिम १ नं वडा

च. २ नं वडा

**क्रियाकलाप २. को उत्तर**
पेन्सिल, इरेजर र स्केल लिएर सर्वप्रथम कुनै नक्सा छापेर वा ट्रेसिङ गरेर सिकेपछि बनाउन सुरू गर्दा राम्रो हुने

**क्रियाकलाप ४. को उत्तर**
क. छन्   ख.वन जङ्गल, पानी, तलाउ, कुहिरो   ग. घाम लागेको सुख्खा ठाउँ, बेंसीमा अन्न खेती
घ. ओसिलोतिर   ङ. पारिलोतिर बढी छ   च. ओसिलो ठाउँबाट

**क्रियाकलाप ५. को उत्तर( ठिक बेठिक)**
क.ठिक   ख. बेठिक   ग.बेठिक   घ.ठिक   ङ. ठिक   च. ठिक

**क्रियाकलाप ६. को उत्तर (नक्सा निर्माण)**
ओसिलामा कुहिरो लागिरहेको, पानी परिरहेको चित्र र पारिलामा घाम लागिरहेको, गर्मी, पङ्खा भएको चित्र बनाउने ।

**क्रियाकलाप ७. को उत्तर**
ओसिलाको सङ्केत कुहिरो, पारिलोको सङ्केत घाम लागेको सङ्केतबाट गर्नुपर्छ ।

**क्रियाकलाप ८. को उत्तर ( प्रश्नोत्तर)**
क. छैन   ख. १ नं गाउँ   ग.३ न. गाउँ   घ.१ नं. गाउँ   ङ.३ नं. गाउँ
च.३ नं. गाउँलाई किनकि त्यहाँ सेवासुविधाहरु कम छन्   छ. जनतालाई अन्याय हरन्छ
ज.छैन्

**क्रियाकलाप ९. को उत्तर**
गाउँको नाम लेख्नुहोस्, त्यहाँको सेवासुविधमा बाटोघाटो, विद्यालय, स्वास्थ्यचौकी, खानेपानी, बिजुली, बैङ्क, प्रहरी चौकी आदि वा अन्य ।

**क्रियाकलाप १०. (खोज क्रियाकलाप)को उत्तर**
समान सेवासुविधा उपलव्ध गराउने उपायहरु : नक्सा तयार गरेर कहाँ के के छन् पहिचान गर्ने, सामाजिक नक्सा, मौसमी नक्सा र राजैतिक नक्सा बनाउने, सबैतिर के छन् के छैनन् तुलना गर्ने, कहाँ के के अभाव छ टिपोट गर्ने, गाउँको संयुक्त टिमसहित वडामा गएर अवगत गराउने  । जस्तै : बाटोघाटो, खानेपानी, बिजुली, टेलीफोन, एम्बुलेन्स, स्वास्थ्यचौकी, तटबन्ध, पहिरो नियन्त्रण, वृक्षारोपण ढल व्यवस्थापन आदि

पाठ ५

# स्थानीय तहको स्रोतसाधन तथा आर्थिक सम्भावना

## पूर्व सिकाई परिक्षण

यो पाठ अध्ययन गर्नुअघि हामीलाई यस पाठमा समावेश भएका विषयवस्तु सम्बन्धमा के कति जानकारी रहे विचार गरी यसका लागि तल दिएका केही प्रश्नहरूको जवाफ दिने प्रयास गरौं है त ।

**१. पाठ शुरुगर्नु भन्दा पहिले तलका प्रश्नहरुको छोटो जबाफ दिनुहोस् ।**

क। तपाइको पालिकाभित्र केके प्राकृतिक स्रोत साधन छन् कुनै २ को नाम लेख्नुहोस् ।

ख. त्यहाँ कस्तो प्रकार हावापानी छ लेख्नुहोस्

ग. कस्तो प्रकारको भूवनोट छ कठिन चट्टानयुक्त भिरालो मिलेका खेतीयोग्य पहाडी जमिन उब्जाउशील फाट बेसी, खेतीयोग्य माटो भएको मैदान या तराई आदि कुन प्रकारको छ लेख्नुहोस् ।

घ. आम जनताहरूको मुख्य पेसा के छ


ङ. भविष्यमा बढी आय हुने हुन पेसा व्यवसायको संभावना देखिन्छ

**२. तलका सान्दर्भिक पक्षहरुको जोडा मिलाउनुहोस् ।**

| विषय | आयका संभावित पेसा वा व्यवसाय |
|---|---|
| उब्जनशील फोट | धमिक सामग्री बेचविखन व्यापार व्यवसाय |
| प्रचलित देवी थान | व्यावसायिक खेती |
| तलाउ पोखरी | मनोरंजन भिन्न स्वादको खानासहितको होमस्टे |
| शीतल सुन्दर पहाडि बनोट भएको स्थान | मत्स्यपालन पर्यटक बिहार |
| रैथाने जातीको बस्ती, नाच र खाना | दृष्यावलोकन सुविधासहित व्यापार |

तपाईले दिएका उत्तरहरु कति मिले होलान्, जाँच गर्नुहोस् । उत्तर धेरै मिले भने बधाई छ तर कम मिले भने पनि चिन्ता नलिनुस् यो पाठले तपाइलाई सबै कुरा जान्न र सिक्न सहयोग गर्ने छ । यदि तपाई तयार हुनुहुन्छ भने अब हामी पाठ शुरू गरौं है त ।

*(यसका उत्तरहरु यसै पाठको अन्त्यमा पनि दिएको छ)*



Copyright@MoFALD

तेमाल गाउँपालिकाको हावापानी, स्रोतसाधन र आर्थिक सम्भावनाको परिचयसम्बन्धमा एक जना अतिथि र गाउँपालिकाका अध्यक्ष बिचको कुराकानी अध्ययन गरौँ ।

**अतिथि** : अध्यक्षज्यू नमस्कार, आज म हजुरको गाउँपालिकाको छोटो जानकारी लिऊँ कि भनेर आएको थिएँ ।

**अध्यक्ष** : नमस्कार । ए, भैहाल्छ नि , बसौँ न अनि कुरा गरौँला, हुन्न ?

**अतिथि** : हुन्छ हजुर, आज म खास गरी अरु कुराभन्दा पनि यस गाउँपालिकाको हावा पानी र यहाँका स्रोतसाधनको अवस्था बारे जानकारी लिन चाहन्छु, हुन्छ ?

**अध्यक्ष** : हुन्छ, हुन्छ , सबैभन्दा पहिले म हाम्रो गाउँपालिकाको छोटो परिचय दिन्छु, हुन्न ।

**अतिथि** : हस् ।

**अध्यक्ष** : काभ्रेपलाञ्चोक जिल्लास्थित यो गाउँपालिकाको पूर्वमा चौरीदेउराली, पश्चिममा रोशी र नमोबुद्ध गाउँपालिका छन् भने उत्तरमा भुम्लु गाउँपालिका र पाँचखाल नगरपालिका छन् । दक्षिणमा रोशी गाउँपालिका पर्छ ।

**अतिथि** : यस गाउपलिकाको वरिपरि ५ ओटा पालिकाहरु रहेछन् हैन ?

**अध्यक्ष** : हो पत्रकारज्यू, यो पालिका समुद्रसतहबाट १८९० मीटरको उचाइमा पर्छ ।

**अतिथि** : हजुर, अनि यसले कति ठाउँ ओगटेको होला ?

**अध्यक्ष** : ठिक कुरा संझाउनुभयो, यसको क्षेत्रफल ८९ वर्ग किमी छ र सरदर १० किमी लम्बाइ छ ।

**अतिथि** : अब यसको हावापानी बारे बुझ्न पाए हुने थियो ?

**अध्यक्ष** : सरदरमा यहाँको हावापानी न धैरै चिसो न धैरै गर्मी खालको छ अर्थात् समशीतोष्ण खालको छ ।

**अतिथि** : सबैतिर एकैनासको छ कि अलि फरक पनि छ हजुर ?

**अध्यक्ष :** ठिक प्रश्नगर्नु भयो । यहाँको जमिनको बनावट अनुसार डाँडाको माथि रहेका वडा नं ५ र ७ मा अलि चिसो छ, अन्य वडाहरुको डाँडाको माथितिर चिसो र फेदीतिर अलि गर्मी छ ।

**अतिथि :** राम्रो जानकारी दिनुभयो, अरु थप केही छ कि ?

**अध्यक्ष :** अर्को कुरा के थप गर्न चाहन्छु भने उत्तरी भाग अलि सेपिलो र रसिलो छ पानीको स्रोत पनि छ तर दक्षिणी क्षेत्र अलकिता सुख्खा खालको छ ।

**अतिथि :** हावापानी बारे स्पष्ट भयो, अब यहाँका स्रोतसाधनका बारेमा पनि थाहा पाउने इच्छा थियो ।

**अध्यक्ष :** हुन्छ, हुन्छ म बताउँछु । यहाँको मुख्य खेतीमा धार्मिक महत्त्वको बोधिचित्तमालाको खेती पर्दछ । उत्तरी भेक ओसिलो छ । सिँचाइको लागि पानीको स्रोतहरु भएकाले मौसम अनुसारका तरकारी खेती हुन्छ, फाँटहरुमा अन्न उत्पादन पनि राम्रो हुन्छ ।

**अतिथि :** अन्य स्रोत साधन केही छन् कि ?

**अध्यक्ष :** यहाँ उत्तर पूर्व भएर बग्ने सुनकोशी नदी र पश्चिम दक्षिण भएर बग्ने रोशी नदी छन् । त्यसै गरी वन जङ्गलको भाग बढी भएकाले कृषि र पशुपालन राम्रो हुन्छ ।

**अतिथि :** प्राकृतिक स्रोतका हिसाबले यो पालिका असाध्यै राम्रो रहेछ ।

**अध्यक्ष :** त्यति मात्र हैन यहाँका समथर टारहरु मास दाल र तेल उत्पादनका लागि जिल्लामै कहलिएका छन् ।

**अतिथि :** धेरै राम्रो, अनि पर्यटकीय अवस्था के कस्तो होला ?

**अध्यक्ष :** ठिक कुरा सम्झाउनुभयो । यहाँ नारायणको ऐतिहासिक मन्दिर, बौद्ध स्तुपाहरु, तोडसुम कुण्ड, सन्तानेश्वर महादेव मन्दिर छन् । साथै हिमाल प्रस्ट देखिने अग्ला डाँडा भएकाले धार्मिक तथा पर्यटकीय सम्भावना राम्रो छ ।

**अतिथि :** मैले चाहेका सबै कुराको जानकारी दिनुभयो, तपाईंलाई धन्यवाद दिन्छु ।

**अध्यक्ष :** हाम्रो पालिकाको बारेमा जानकारी लिनुभएकामा तपाईंलाई पनि धन्यवाद छ ।

### क्रियाकलाप १ : माथिको कुराकानी पढेर तल दिएका प्रश्नहरूको जवाफ दिने प्रयास गर्नुहोस् ।

क. तेमाल गाउँपालिका कुन जिल्लामा रहेछ ?

.......................................................................................................................................

ख. त्यहाँको हावापानी कस्तो प्रकारको छ ?

.......................................................................................................................................

ग. त्यहाँ धार्मिक दृष्टिले महत्त्व राख्ने कुन चिजको उत्पादन हुन्छ ?

.......................................................................................................................................

घ. कुन कुन क्षेत्र बढी सुख्खा र रसिला छन् ?

.................................................................................................................................................

ङ. तेमाल गाउँपालिकामा केकस्ता स्रोतसाधनहरु रहेछन् तिनीहरुको नाम लेख्नुहोस् ।

.................................................................................................................................................

च. तपाईंको गाउँपालिकाको हावापानीको अवस्था र त्यहाँका कुनै ५ ओटा स्रोतसाधनहरुको नाम लेख्नुहोस् ।

.................................................................................................................................................

## क्रियाकलाप २ : तल तालिकाको देब्रेतिर स्रोतसाधनहरू छन् भने दाहिनेतिर आर्थिक विकासका सम्भावित कार्यहरू दिइएका छन् । स्रोतसाधन र आर्थिक विकासका कार्यहरूको जोडा मिलाउनुहोस् ।

| स्रोत साधनका प्रकार | आर्थिक विकासका संभावित कार्यहरू |
|---|---|
| वन जङ्गल | बुद्ध धर्मावलम्बी माला उत्पादन |
| नदी नाला | पशु तथा भेडाबाख्रा पालन |
| समथर पहाडी टार | पर्यटन, होमस्टे |
| बेंसी फाँट | धार्मिक पर्यटन |
| हिमाली दृश्य देखिने डाँडा | मास, दाल, तोरी उत्पादन |
| मन्दिर, बौद्ध स्तुपा | अन्न, तरकारी उत्पादन |
| पोखरी, कुण्ड | विद्युत उत्पादन, सिँचाइ |
| बोधीचित्त वृक्ष | डुङ्गा विहार र मनोरञ्जन |

**क्रियाकलाप ३ (खोज क्रियाकलाप) : तपाईंको पालिकामा भएका प्राकृतिक, धार्मिक, ऐतिहासिक र सास्कृतिक स्रोत साधनहरूको पहिचान गरी सूची बनाउनुहोस् ।**

| स्रोतसाधनका क्षेत्र | स्रोतसाधनहरूको सूची |
|---|---|
| प्राकृतिक साधन | १. |
| | २. |
| | ३. |
| | ४. |
| धार्मिक साधन | १. |
| | २. |
| | ३. |
| | ४ |
| ऐतिहासिक साधन | १. |
| | २. |
| | ३. |
| | ४ |
| साँस्कृतिक साधन | १. |
| | २. |
| | ३. |
| | ४ |

**क्रियाकलाप ४ : एउटा पहाडी स्थानीय तह जहाँ न गर्मी न जाडो (समशीतोष्ण) हावापानी छ । त्यहााको स्रोत साधन, तथा भूपरिवेशका आधारमा आर्थिक सम्भावना पहिचानको अभ्यास गरौँ, उदाहरण हेरेर अन्य सम्भावित कुराहरू थप गर्नुहोस् ।**

| स्रोतसाधन अवस्था | आर्थिक सम्भावनाका कार्यक्षेत्र पहिचान |
|---|---|
| रमणीय शीतल उच्च डाँडा | अर्गानिक खानासहितको होमस्टे सञ्चालन गर्ने |
| | ........................................................... |
| | ........................................................... |
| | ........................................................... |
| प्राकृतिक तलाउ, कुण्ड | सशुल्क डुङ्गा विहारको सेवा उपलब्ध गराउने |
| | ........................................................... |
| | ........................................................... |
| | ........................................................... |
| घनाजङ्गल क्षेत्र | वन्य जन्तु संरक्षण गरी पर्यटकहरुलाई वन्यजन्तु दृश्यावलोकन गराउने |
| | ........................................................... |
| | ........................................................... |
| | ........................................................... |
| रमाइला फाँट, बेंसी | बेमौसमी तरकारी खेती गरी विक्री वितरण गर्ने |
| | ........................................................... |
| | ........................................................... |
| | ........................................................... |

| | |
|---|---|
| पालिकाको बिच भागबाट अविरल बग्ने हिमनदी | र्‍याफ्टिङ व्यवसाय सञ्चालन गरेर आम्दानी गर्ने |
| | ................................................................... |
| | ................................................................... |
| | ................................................................... |
| यततायताका लागि अनुकूल तथा सहज भूबनोट | घरेलु उद्योग सञ्चालन गरी स्वरोजगार हुने |
| | ................................................................... |
| | ................................................................... |
| | ................................................................... |

### क्रियाकलाप ५ : परियोजना कार्य :

अभिभावक वा साथीसँग छलफल गरी तपाईंको गाउँपालिका वा वडाको हावापानी र भएका प्राकृतिक स्रोतसाधनहरु टिपोट गर्नुहोस् र तिनीहरुबाट केकस्ता आर्थिक फाइदा हुने कार्यहरु गर्न सकिन्छ, लेख्नुहोस् । ती मध्ये त्यसै वडाम सबै भन्दा उत्तम र बढी फइदा हुने क्षेत्र छलफलबाट पहिचान गरी समुदायमा प्रस्तुत गर्नुहोस् ।

### क्रियाकलाप ६: पेसामा आधारित कार्यकलाप उत्तर

वर्तमान अवस्थामा तपाईंको परिवारका सदस्यहरुको पेसा वा आम्दानीका स्रोत केके हुन् ? परिवारका सदस्यहरुसँग छलफल गरी सूची बनाउनुहोस् । भविष्यमा आम्दानीका स्रोत वा पेसा के के थप हुने सम्भावना छ ? टिपोट गर्नुहोस् र परिवारका सदस्यसमक्ष प्रस्तुत गर्नुहोस् ।

## उत्तरकुञ्जिका

**क्रियाकलाप १ : माथिको कुराकानी पढेर तल दिएका प्रश्नहरूको जवाफ दिने प्रयास गर्नुहोस् । उत्तर**

क. काभ्रेपलाञ्चोक जिल्लामा पर्छ

ख. समशितोष्ण (मध्यम खालको न गर्मी न जाडो)

ग. बुद्ध धर्मवालम्बीहरुले उपयोग गर्ने बोधिचित्त माला उत्पादन हुन्छ

घ. दक्षिणी भेग बढी सुख्खा र उत्तरी भेग बढी रसिला छन् ।.

ङ. तेमाल गाउँपालिकामा केकस्ता स्रोतसाधनहरु रहेछन् तिनीहरुको नाम लेख्नुहोस् ।

१ प्राकृतिकः वन जङ्गल, सुनकोशी हिम नदी, रोसी नदी, कुण्ड खर्क, बेंसी, फाँट

२. धार्मिक : मन्दिर, गुम्बा, स्तुपापाटी पौवा छन्

३. ऐतिहासिक भवन र ठाउँ

४. साँस्कृतिक : तामाङ जातिको खानपान, रहनसहन चाडपर्व

च. तपाईंको गाउँपालिकाको हावापानीको अवस्था र त्यहाँका कुनै ५ ओटा स्रोतसाधनहरुको नाम लेख्नुहोस् ।

. १.प्राकृतिक २. धार्मिक ३. ऐतिहासिक ४. साँस्कृतिक

**क्रियाकलाप २ : जोडा मिलाउनुहोस् । उत्तर**

१.ख २.छ ३. ङ ४.च ५.ग ६.घ ७.ज ८.क

**क्रियाकलाप ३ (खोज क्रियाकलाप) उत्तर**

तपाईंको पालिकामा भएका प्राकृतिक, धार्मिक, ऐतिहासिक र सांस्कृतिक स्रोत साधनहरुको पहिचान गरी अभिभावक, साथीसँगी, समुदायका शिक्षित व्यक्तिहरुसँग छलफल गरी सूची बनाउनुहोस् ।

**क्रियाकलाप ४ : उत्तर**

उदाहरण हेरेर अन्य सम्भावित कुराहरु थप गर्नुहोस् । यसका लागि साथीसङ्गी र अन्य अग्रजहरुको सहयोग लिनुहोस् ।

**क्रियाकलाप ५: परियोजना कार्य : उत्तर**

अभिभावक वा साथीहरुसँग छलफल गरी त्यस वडाम सबै भन्दा उत्तम र बढी फइदा हुने क्षेत्र पहिचान गरी आफूभन्दा ठुला र जान्नेबुझ्नेहरु पहिचान गरी सुनाउनुहोस् वा प्रस्तुत गर्नुहोस् । आवश्यक सुझावहरु टिपोट गर्नुहोस् ।

**क्रियाकलाप ६: पेसामा आधारित कार्यकलाप उत्तर**

तपाईंको परिवारका सदस्यहरुको पेसा वा आम्दानीका स्रोत के के छन् परिवारका सदस्यहरुसँग छलफल गरी सूची बनाउनुहोस् । भविष्यमा आम्दानीका स्रोत वा पेसा के के थप हुने सम्भावना छ, टिपोट गर्नुहोस् जस्तै

दाजु दिदी सरकारी कर्मचारी, बाबा शिक्षक, आमा नर्स वा डक्टर, काका वकिल, दाजु व्यापार, भाउजु ब्युटी पार्लर, बाख्रा पालन, खेतीपाती, पशुपालन, मत्स्य पालन, कुखुरा पालन, घरेलु उद्योग, कारखान सञ्चालन, पुष्प व्यवसाय, दुग्ध व्यवसाय वा डेरी सञ्चालन, निर्माण व्यवसाय आदि अन्य धेरैकुरा हुन सक्छन् ।

## स्व-मूल्याङ्कन

हामीले अहिलेसम्म पाठहरु अध्ययन गर्‍यौँ, अरुसँग छलफल गर्‍यौँ तथा अभ्यास र कियाकलापहरु पनि गर्‍यौँ। यसबाट हामीले धेरै जान्यौँ ,सिक्यौँ र गर्‍यौँ। अब अन्त्यमा हामी पुनः एकपटक आफैँलाई मैले कत्तिको सिकेको रहेछु भनेर परीक्षण गरौँ न त । आउनुहोस् सुरू गरौँ ।

**क.तलका प्रश्नहरूको जवाफ दिनुहोस् ।**

१. पालिका तहको २ वटा स्थानीय संरचनाका नाम लेख्नु/भन्नुहोस् ।

२. स्थानीय तहबाट न्याय सम्पादन गर्दा अपनाइने कुनै ३ ओटा प्रक्रियाहरु लेख्नुहोस् ।

३. स्थानीय तहलाई नेपालको संविधानले प्रदान गरेका अधिकारहरुमध्ये कुनै ५ ओटा लेख्नुहोस् ।

४. पालिका वा वडाको नक्सा बनाउँदा ध्यान दिनुपर्ने कुनै ४ ओटा कुराहरु उल्लेख गर्नुहोस् ।

५. वडाभित्र स्रोत एवम् सेवासुविधाहरुको समान वितरण भए नभएको कसरी पहिचान गर्ने ।

६. स्थानीय पालिकाको आर्थिक अवस्थाको सम्भावना यकिन गर्ने कुनै ३ ओटा तरिका लेख्नुहोस् ।

७. स्थानीय तहको आवश्यकता किन भएको हो ? कारण दिनुहोस् ।

**ख. तल दिएका भनाइहरू ठिक वा बेठिक के छन् छुट्याउनुहोस् ।**

१. स्थानीय तहको शासकीय संरचना र पदाधिकारीको व्यवस्था नेपालको संविधानले तोकेको छैन ।

२. स्थानीय तहका अधिकारहरु जनतालाई सेवा दिनभन्दा पनि बढी शासन गर्नका लागि हुन् ।

३. स्थानीय तहमा न्याय दिने परिपाटीले जनतालाई असुविधा भएको छ ।

४. पालिका र वडाहरुको नक्सा बनाउँदा दिशाहरु पनि उल्लेख गर्नुपर्छ ।

५. वडाको नक्सा बनाउनुको मुख्य कारण वडा सानो वा ठुलो के छ भनी आकार थाहा पाउनु हो ।

६. वडाको नक्साबाट त्यहाँको आर्थिक अवस्था उच्च, मध्यम र न्यून के छ भनी आँकलन गर्न सकिन्छ ।

७. जमिनको बनोट (भू बनोट) र हावा पानीबाट त्यहाँको आर्थिक सम्भावना अनुमान गर्न सकिन्छ ।

८. सेवासुविधाको समानुपातिक वितरणको कार्य भनेको कम भएको ठाउँमा बढी प्राथमिकता दिएर सेवासुविधा बढाउनु हो ।

९. स्थानीय तहको कार्यपालिका भनेको स्थानीय सरकार हो ।

१०. गाउँपालिका र गाउँकार्यपालिका भनेको एउटै हो ।

११.गाउँसभा वा नगरसभाका सबै पदाधिकारीहरु गाउँ कार्यपलिका वा नगर कार्यपालिका सदस्य हुन्छन् ।

१२. सामाजिक नक्सामा वन जङ्गल र नदीनाला देखाइन्छ ।

१३. नक्साबाट वडा वा पालिकाको असली अवस्था बारे जानकारी हुन्छ ।

**ग. खाली ठाउँ भर्नुहोस्**

१. स्थानीय तहको पालिकास्तरमा भएका २ वटा संरचानाहरु ........................र........................हुन् ।

२. नेपालको संविधानले दिएका २२ वटा अधिकारहरु अनुसूची..........................मा छन् ।

३. न्यायिक समितिमा संयोजकसहित ............................ जना हुन्छन् ।

४. गाउँसभा स्थानीय पालिकाको ............................ हो ।

५. नक्सा बनाउन सिक्दा सर्वप्रथम............................बाट सिक्नुपर्छ ।

६. पालिकालाई वडा वडामा विभाजन गरेर देखाएकालाइ............................नक्सा भनिन्छ ।

७. पाटी, पौवा र पुरानो दरबार देखाउनेलाइ ............................ नक्सा भनिन्छ ।

८. कुनै ठाउँको राम्रो आर्थिक विकासको सम्भावना त्यहाँ भएका .....................र..............मा भर पर्छ ।

९. ओसिलो ठाउँहरु जमिनको ............................ले गर्दा भएहका हुन् ।

**घ. जोडा मिलाउनुहोस्**

| | |
|---|---|
| १. स्थानीय व्यवस्थापिका | क. मौसमी नक्सा |
| २. स्थानीय कार्यपालिका | ख. हावापानी |
| ३. आर्थिक समुन्नति | ग. टुङ्ग्याउने |
| ४. अधिकार | घ. सानो नक्सामा धेरै कुरा देखाउने माध्यम |
| ५. कुहिरो वर्षा | ङ सम्पत्ति वा स्रोत साधन |
| ६. लामो अवधिको गर्मी ठण्डा | च. गाउँसभा वा नगरसभा |
| ७. किनारा लाउने | छ..स्थानीय सरकार |
| ८. सम्पदा | ज.उपलव्ध स्रोतसाधन |
| ९. सङ्केत | झ.काम कर्तव्य |
| | ञ. विवाद बढाउने |

**ङ. बहुवैकल्पिक प्रश्नहरू : तल दिएका विकल्पहरूमध्ये उपयुक्त विकल्प छनोट गर्नुहोस्**

**१. स्थानीय तहको संरचना नेपालको संविधानको भाग ....................र ....................मा उल्लेख छ ।**

क. १५ र१६ ख.१७ र १८ ग.१८ र १९ घ. २० र २१

**२. नेपालमा स्थानीय तहको व्यवस्था गर्नुको उद्देश्य कुन हैन ?**

क. स्थानीय व्यक्तिहरु अध्यक्ष, उपाध्यक्ष र सदस्य हुन,

ख. स्थानीय व्यक्तिबाटै स्थानीय विकास गर्न,

ग. स्थानीय व्यक्तिहरुबाट जनतालाई छिटो सेवा दिन,

घ. स्थानीय योजनाहरु स्थानीयतहबाटै निर्माण र कार्यान्वयन गर्न

**३. वडाको नक्सा बनाउन सिक्नुको मुख्य कारण के हो ?**

क.वडाको आकार कत्रो रहेछ भनी थाहा पाउन,

ख. वडा कार्यालयको अध्यक्षको कार्यकक्षमा राख्न,

ग.वडाको स्रोतसाधनको अवस्था थाहा पाउन,

घ. वडाहरु कहाँकहाँ रहेछन् भनी थाहा पाउन,

**४. स्थानीय तहको आर्थिक विकासका सम्भावना पत्ता लगाउन कुन कम प्रभावकारी तरिका हुन्छ ?**

क. नक्सा निर्माण र उपलब्ध स्रोतसाधनको पहिचान,

ख. छलफल र अन्तर्क्रिया,

ग. स्थलगत अवलोकन भ्रमण,

घ. आर्थिक विकासका पुस्तक अध्ययन,

**५. कुहिरो लागिरहने अग्लो घनाजङ्गल भएको डाँडामा पुरानो फौजी किल्ला वा गढी छ। यस अवस्थालाई समेटेर बनाइने नक्सा कुन कुन हुन् ?**

क. धार्मिक र प्राकृतिक      ख. साँस्कृतिक र प्राकृतिक

ग. आर्थिक र प्राकृतिक      घ. प्राकृतिक र सामाजिक

## स्व-मूल्याङ्कनका उत्तरहरू

**क. तलका प्रश्नहरूको जवाफ दिनुहोस् ।**

१. उत्तरः स्थानीय कार्यपालिका र स्थानीय व्यवस्थापिका हुन्

२. उत्तरः

क. सर्वप्रथम उजुरी गर्ने पक्षहरुको निवेदन दर्ता गर्ने अनि मात्र कारबाही सुरू गर्ने,

ख. विवादका सबै पक्षधरहरुको कुरा राम्ररी सुन्ने,

ग. मेलमिलाप कर्ताहरुबाट मिलापत्र गराउने,

घ. न्यायिक समितिले रोक्का राख्न आदेश दिनु पर्ने भए आदेश दिने,

ङ. संरक्षण गर्नुपर्ने संरक्षणको आदेश वा निर्देश दिने,

च. सुरू गरेको तीन महिनाभित्र विवाद निरुपण गरिसक्नु पर्ने, । यीमध्ये कुनै ३ ओटा प्रक्रियाहरु लेख्नुहोस् ।

३.उत्तरः स्थानीय तहलाई नेपालको संविधानले प्रदान गरेका २२ ओटा अधिकारहरुमध्ये कुनै ५ ओटा लेख्नुहोस् । अधिकारहरु जस्तैः

१. खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा

२. विपद् व्यवस्थापन

३. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

४. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

५. आधारभूत तथा माध्यमिक शिक्षा

६. सहकारी

४. पालिका वा वडाको नक्सा बनाउँदा ध्यान दिनुपर्ने कुनै ४ ओटा कुराहरुः उत्तर

क. नक्सा बनाउन पेन्सिल, इरेजर र स्केल चाहिन्छ ।

ख. नक्सा बनाउदा पहिला छापेर वा ट्रेसिङ गरेर बानी बसाउनुपर्छ ।

ग. नक्सामा नापो(क्अबभि),दिशा(म्च्चभअतष्यल),सिमाना(द्ययबचमभच),हुन्छन् । यी कुराहरुलाई ख्याल गर्नुपर्छ ।

घ. नक्सा बनाउँदा पेन्सिल र स्केलले सादा कापीमा बाकस बनाउनुपर्छ ।

ङ. बाकस भित्र नक्साको बाहिरी रेखा हेर्दै कापमिा कोर्ने अभ्यास गर्नुपर्छ ।

च. प्रथम पूर्व, पश्चिम, उत्तर र दक्षिणमा कुनकुन ठाउँ पर्ने रहेछन् यकिन गर्नुपर्छ ।

५. उत्तरः वडाको नक्सा बनाएर, छलफल गरेर, स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गरेर पहिचान गर्ने,

६. उत्तरः स्थानीय पालिकाको आर्थिक अवस्थको सम्भावना यकिन गर्ने कुनै ३ ओटा तरिकाहरु जस्तैः छलफल तथा अन्तर्क्रिया, स्थलगत अध्ययन र स्रोसाधनहरुको पहिचान तथा सूची निर्माण,

७. उत्तरः स्थानीय तहको आवश्यकता स्थानीय व्यक्तिहरुबाटै विकासका योजना तथा कार्यक्रम बनाउन, लागू गर्न र अनुगमन गर्न, जनताहरुलाई नजिकबाट सेवासुविधा पुऱ्याउन ।

**ख. उत्तरः तल दिएका भनाइहरू ठिक वा बेठिक के छन् छुट्याउनुहोस् ।**

| | | | | | |
|---|---|---|---|---|---|
| १. बेठिक | २. बेठिक | ३. बेठिक | ४. ठिक | ५. बेठिक | ६. ठिक |
| ७. ठिक | ८. ठिक | ९. ठिक | १० बेठिक | ११.बेठिक | १२. बेठिक |
| १३. ठिक | | | | | |

**ग. उत्तरः खाल ठाउँ भर्नुहोस्**

१. उत्तरः स्थानीय कार्यपालिका र स्थानीय व्यवस्थापिका हुन्

२. उत्तरः अनुसूची ८ मा छन् ।

३. उत्तरः ३ जना हुन्छन् ।

४. उत्तरः गाउँसभा स्थानीय पालिकाको संसद हो।

५. उत्तरः नक्सा बनाउन सिक्दा सर्वप्रथम छापेर वा ट्रेसिङ बाट सिक्नुपर्छ ।

६. उत्तरः पालिकालाई वडा वडामा विभाजन गरेर देखाएकालाई राजनैतिक नक्सा भनिन्छ ।

७. उत्तरः पाटी, पौवा र पुरानो दरबार देखाउनेलाई सामाजिक नक्सा भनिन्छ ।

८. उत्तरः कुनै ठाउँको राम्रो आर्थिक विकासको सम्भावना त्यहाँ भएका स्रोत र साधनमा भर पर्छ

९. उत्तरः ओसिलो ठाउँहरु जमिनको बनोटले गर्दा भएका हुन् ।

**घ. जोडा मिलाऔं उत्तरः**

| | | | | | |
|---|---|---|---|---|---|
| १. च | २. छ | ३. ज | ४. झ | ५.क | ६.ख |
| ७. ग | ८.ङ | ९. घ | | | |

**ङ. उत्तरः बहुवैकल्पिक प्रश्नहरू :**

१.उत्तरः ख.१७ र १८   २. उत्तरः क.   ३. उत्तरः ग.   ४. उत्तरः घ.   ५. उत्तरः घ

## सिकाइको पूर्व परीक्षणको उत्तरकुञ्जिका

### १. तलका प्रश्नहरूको छोटो जवाफ दिनुहोस्

क. उत्तरः पालिकाहरुबाट जनतालाई हुने केही सेवा सुविधाहरु : धेरै सुविधाहरु हुन्छन् जस्तै : विकास निर्माणको कार्यमा सहयोग, शिक्षा विकासमा सेवा, स्वास्थ्य सेवा र सामग्रीको उपलव्धता, बिजुली, खानेपानी, सञ्चार सुविधा, सामाजिक कार्य, खेलकुद, वातावरण संरक्षण, शान्ति सुरक्षा, न्याय निसाफ, शुल्क दस्तुर भुक्तानीमा सुविधा आदि,

ख. उत्तरः राम्रो हो किनकि न्यायका लागि टाढा जानुपर्दैन र न्यायका लागि बर्सौंसम्म कुर्नुपर्दैन । समयको बचत, खर्चको बचत, आउजाउमा कष्ट नहुने आदि फाइदा हुन्छन् ।

ग. उत्तरः नेपालको संविधानले दिएको छ । नेपालको संविधानको भाग १७ र १८ धारा २१४ र २२१ तथा अनुसूची ८ र ९ ले अधिकार दिएको छ ।

घ. उत्तरः सुरूमा नक्सा बनाउन सिक्दा कुनै नक्सालाई छापेर वा नक्सा हेर्दै कोरेर सिक्यो भने पछि सजिलै नक्सा बनाउन सकिन्छ ।

ङ. उत्तरः सामाजिक नक्शा भनेको समुदायमा भएका धार्मिक तथा सांस्कृतिक लगायत विद्यालय, अस्पताल, कार्यालयहरु सामाजिक सङ्घसंस्था आदि देखाउने नक्सा हो ।

च. उत्तरः आफ्नो पालिकाभित्र भएका मठमन्दिर, पाटीपौवा, प्राचिन दरबार वा भवन, धारा, पोखरी, कुवा, नदीनाला, जङ्गल, चौर आदिमध्ये कुनै २ ओटा सम्पदाहरु हुन सक्छन् ।

छ. उत्तरः आफ्नो पालिकाको हावापानी उष्ण(गर्मी), समशीतोष्ण (न जाडो न गर्मी) र शीतोष्ण(चिसो)मध्ये कुन प्रकारको छ लेख्नुहोस् ।

### २. तल दिएका वाक्यहरू ठिक भए (✓) चिह्न बेठिक भए (✗) चिह्न लगाउनुहोस् ।

क. अहिलेका गाउँपालिका र नगर पालिकामा बढी अधिकार र काम छन् । उत्तरः (ठिक)

ख. स्थानीय स्तरमा न्यायसम्बन्धी कार्यले जनताको धन, समय र श्रम को बचत गरेको छ । उत्तरः (ठिक)

ग. स्थानीय तहले आधारभूत शिक्षाको मात्र रेखदेख र अनुगमन गर्न सक्छ । उत्तरः (बेठिक)

घ. पालिकाभरि वा वडाभरिका सबै ठाउँमा सेवा सुविधाहरु समान हुन्छन् । उत्तरः (बेठिक)

### ३. तल दिएकामध्ये उपयुक्त विकल्प छनोट गरी खाली ठाउँ भर्नुहोस् ।

क. पालिकाहरुमा वडाहरुको व्यवस्था ........................ लागि गरिएको हुन्छ । (उत्तरः २)

१. वडाअध्यक्ष बनाउन
२. स्थानीय जनताहरुलाई नजिकबाट सेवा दिन
३. राजनीतिक व्यक्तिहरुको व्यवस्थापन गन
४. पालिकाहरुलाई विभाजन गर्न

ख. स्थानीय पालिकाहरुका लागि ................वटा अधिकार संविधानले प्रदान गरेको छ । (उत्तरः २)

१. १५
२. २२
३. २५
४. ३२

ग. नक्सा कोर्दा विभिन्न सम्पदाहरु जनाउनेलाई............ भनिन्छ । (उत्तरः १)

१. सङ्केत चिह्न | २. नक्सा चिह्न
३. स्केल चिह्न | ४. सम्पदा चिह्न

घ. समुदायमा भएको उब्जनशील बेंसीले ............ विकासको सम्भावना देखाउँछ । (उत्तरः ३)

१. शैक्षिक | २. धार्मिक
३. आर्थिक | ४. प्राकृतिक

## सिकाइ क्षेत्रः हाम्रो परिवेश र नारिक चेतना

**मूल्याङ्कनका आधार र श्रेणीहरू**

सक्षमता नं १ भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थासहित आफ्नो समुदायको परिवेश पहिचान

| क्र.स. | सिकाइ पलब्धि | मूल्याङ्कन आधार | श्रेणी |
|---|---|---|---|
| १ | **स्थानीय तहको शासकीय संरचना, कार्य प्रणाली, संविधानले प्रदान गरेको अधिकार र सेवा सुविधाको व्यवस्था अभिव्यक्त गर्न** | क. स्थानीय तहको शासकीय संरचना (गठन र पदाधिकारी) बताई प्रश्नोत्तर गरेमा | १ |
| | | ख. स्थानीय तहले विकास निर्माण र न्याय सम्पादन गर्दा अपनाने कार्य प्रणाली बताई प्रश्नोत्तर गरेमा | २ |
| | | ग. स्थानीय तहलाई संविधानले प्रदान गरेका मुख्य पाँच अधिकार बताई तिनबाट प्राप्त सेवासुविधा बतामा | ३ |
| | | घ. स्थानीय तहको शासकीय संरचना, कार्य प्रणाली, संविधानले प्रदान गरेको अधिकार र सेवा सुविधाको व्यवस्था अभिव्यक्त गरेमा | ४ |
| २. | **आफ्ना छरछिमेकीको सहभागितामा राजनीतिक, सामुदायिक-सामाजिक स्रोत र मौसमी नक्सा बनान** | क. आफ्नो गाँपालिका वा नगरपालिकाको राजनीतिक नक्सा बनामा | १ |
| | | ख. आफ्नो वडाको नक्सा बनाई सामुदायिक (विद्यालय, मन्दिर आदि) र सामाजिक (बस्ती आदि) स्रोत देखामा | २ |
| | | ग. आफ्नो वडाको नक्सा बनाई ओसरलो, पारिलो, धेरै वर्षा हुने, कम वर्षाहुने आदि अवस्था देखामा | ३ |
| | | घ. आफ्नो वडाको नक्सा बनाई राजनीतिक, सामुदायिक-सामाजिक स्रोत र मौसमी अवस्था देखामा | ४ |

| क्र.स. | सिकाइ पलब्धि | मूल्याङ्कन आधार | श्रेणी |
|---|---|---|---|
| ३. | **सामाजिक स्रोत नक्साको प्रयोग गरी प्राकृतिक स्रोत वम सेवाको समानुपातिक वितरणको अवस्था पहिचान गर्न** | १ ख.वडाको नक्सा हेरी वडामा प्राप्त सेवाको पहिचान गरेमा | १ |
| | | २ ग.वडाको नक्सा हेरी वडाको प्राकृतिक स्रोत वम सेवाको समानुपातिक वितरण भ नभको बतामा | २ |
| | | ग.वडाको नक्सा हेरी वडाको प्राकृतिक स्रोत वम् सेवाको समानुपातिक वितरण भ नभको बतामा | ३ |
| | | घ.वडाको नक्सा हेरी वडामा प्राकृतिक स्रोत वम् सेवाको समानुपातिक वितरणका पाय सुभ्रमा | ४ |
| ४. | **स्थानीय तहमा पलब्ध स्रोतसाधन, हावा पानी तथा भूपरिवेशको लेखाजोखा गरी आर्थिक सम्भावनाहरू पहिचान गर्न** | क.आफ्नो स्थानीय तहमा पलब्ध स्रोतसाधनको सूची बनामा | १ |
| | | ख.आफ्नो स्थानीय तहमा पलब्ध स्रोतसाधन, हावापानी | २ |
| | | ग.आफ्ना स्थानीय तहमा पलब्ध स्रोतसाधन, हावापानी तथा भूपरिवेशको आधारमा आर्थिक सम्भावनाहरु पहिचान गरेमा | ३ |
| | | घ.आफ्ना स्थानीय तहमा पलब्ध स्रोतसाधन, हावापानी तथा भूपरिवेशको आधारमा आर्थिक सम्भावनाहरु पहिचान गरी बढी आर्थिक फाइदा हुने क्षेत्र सुभ्रमा | ४ |

**श्रेणीको व्याख्या**

१= न्यून उपलब्धि, २= मध्यम उपलब्धि,

३= उत्तम उपलब्धि, ४=अतिउत्तम उपलब्धि

तह

# १

भाषा र सञ्चार

व्यावहारिक समस्या र समाधान

हाम्रो परिवेश र नागरिक चेतना

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री